पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ अङ्क : १८ २०७२ मंसिर २५ गते शुक्रबार (Dec. 11 , 2015) मूल्य रू. १०/-

## पूर्वलडाकुले भत्ता मागे

काठमाडौं । त्यतिबेला उमेर पुगेको थिएन, बहिर्गमित भइयो । अहिले उमेर पुग्यो, तत्कालीन सरकारले प्रत्येक अयोग्य लडाकुलाई दुई लाखका दरले ८० करोड दिने भनेर गरेको निर्णयानुसार त्यो रकम हामीलाई उपलब्ध गराइयोस् भनेर पूर्वलडाकुहरूले माग गरेका छन् ।

मानवाधिकार दिवसका अवसर पारेर पूर्व जनमुक्ति सेनामा आवद्ध लडाकुहरूले बृहद अन्तरक्रियाको आयोजना गरेर यस्तो माग गरेका हुन् । हामीले नावालककै हैसियतमा पनि नेपाली सेनासँग युद्ध लडेकै हो । हामी लडाकु नै हौं । लडाकुले पाउने भनेर किटान गरिएको भत्ता किन नपाउने ? केपी ओली सरकारले तत्काल दिलाउनुपर्छ, एमाओवादी पनि सरकारमा भएकाले त्यो रकम पूर्वलडाकुलाई दिलाउनै पर्छ, पूर्व जनमुक्ति सैनिकहरूले जोडदार माग गरेका छन् । (**बाँकी अन्तिम पेजमा**)

# जागीर जान्छ भनेर लोकमान पछि हट्दैन

काठमाडौं । साना कर्मचारी, विश्वविद्यालयका पदाधिकारी, अन्य भ्रष्टाचारमा दशीप्रमाणसहित पक्राउ गरेर थुन्ने अनि विशेष अदालत पुगेपछि धरौटीमा छुट्ने निरन्तरता जारी रहेर अख्तियार देखाउने कागजी बाघमात्र बनिरहेको दोष लागेको बेलामा एकाएक अख्तियारले शक्तिशाली, सत्ताधारी र पहुँचवालाहरूलाई पत्र काटेर ठूलै झट्का दिएको छ । अव अख्तियार जाग्यो भन्ने भनक त दिएको छ, तर मधेसी मोर्चाको आन्दोलन र भारतको नाकावन्दीबाट व्यापक बन्दै गएको भ्रष्टाचार



रोक्न पूर्जीले मात्र के गर्ला र ? भन्नेहरू पनि देखिएका छन् । खासगरी सत्ताधारीले नै अख्तियारलाई असफल पार्न कम्मर कसेर



लाग्नाले यसपटक पनि अख्तियार माछो माछो भ्यागुतो हुने हो कि भन्ने आशंका भ्रष्टाचारविरोधीहरूले गरेका छन् ।



भ्रष्टाचारविरूद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा बुधवार अख्तियार दुरूपयोग (**बाँकी अन्तिम पेजमा**)

## ओलीले दूतावासलाई इन्धन कहाँबाट दिन्छन् ?

काठमाडौं । आफूलाई भेट्न आएका राष्ट्रसंघका अधिकारीसहितका अमेरिका, अष्ट्रेलिया, बेलायत, स्वीस राजदूतहरूलाई भेटेर नेपालमा मानवीय संकट टार्न दिएको सहयोगको लागि प्रधानमन्त्री धन्यवाद भनेका छन् । तिनै राजदूतहरूले पहाडी इलाकामा मानवीय संकटमा काम गरिरहेका आफ्ना मुलुकका कार्यक्रमहरू इन्धनको अभावमा प्रभावित भएको गुनासो गरेपछि प्रम ओलीले त्यस्ता कार्यक्रममा इन्धनको जोहो गरिदिने बचन दिएका छन् । प्रधानमन्त्री कार्यालय स्वयं आयल निगमलाई पत्र काटेर इन्धन लिनेगरेको छ भने कुन स्रोतबाट (**बाँकी अन्तिम पेजमा**)

# 'अख्तियारप्रति नेपालको 'आरोप

**अभियान संवाददाता**

काठमाडौं । मुलुक भ्रष्टाचारको जालोमा डुबेको भन्दै तत्कालिन प्रधानमन्त्री सुशील कोइरालाले सार्वजनिक रूपमै अभिव्यक्ति दिँदै भनेका थिए, अख्तियार दुरूपयोग अनुसन्धान आयोगले साना माछालाई कारबाही गरेको भएपनि ठूला माछालाई कारबाही गर्न सकेन किन ? तत्कालिन प्रधानमन्त्री कोइरालाको उक्त अभिव्यक्तिपछि आयोग ठूला माछाको खोजीमा रहेको थियो । पछिल्लो समयमा आयोगले २९ जना व्यक्तिलाई आयोगमा उपस्थित हुन पत्र काटेपछि राजनीतिक दलका नेताहरू संवैधानिक आयोग अख्तियारप्रति आक्रोशित भएका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीको विगत जे भएपनि यिनै दलहरूले उनलाई नियुक्ती गरेका हुन् । आयोगले पत्र काट्दै भ्रष्टाचारमा संलग्न नभएका व्यक्तिहरू डराउनु पर्ने कुनै



कारण छैन ।

अख्तियारमाथि साना माछालाई मात्र कारबाही गरेको र ठूला माछालाई कारबाही गर्न नसकेको आरोप उच्च पदमै रहेका व्यक्तिहरूले लगाइरहेका बेला केही व्यक्तिहरूले उनीहरूले हिजो गरेको काम कारबाहीका बारेमा सोधपुछ गर्न पत्र पठाएपछि नेकपा एमालेका नेता एवं पूर्वप्रधानमन्त्री माधव नेपालसमेत अख्तियारप्रति रूष्ट भएका छन् । नेपालले भ्रष्टाचारमा संलग्न नै नभएका व्यक्तिलाई पत्र पठाएर उनीहरूको नाम सर्वाजनिक गरेको भन्दै आक्रोश व्यक्त गरेका छन् । के भ्रष्टाचार गरे नगरेको ठहर गर्ने व्यक्ति नेपाल हुन् ? अख्तियारको कामकरबाहीप्रति शंका उठाउनु स्वभाविक भएपनि उसले पत्र काटेर सोधपुछ गर्दैमा कसैको सम्मान गिर्दैन, भ्रष्टाचार नगरेको भए डराउनु पर्ने कुनै कारण छैन । अख्तियारलाई सहयोग गर्नुहोस् भन्नु पर्नेमा प्रधानमन्त्रीसमेत भइसकेका (**बाँकी अन्तिम पेजमा**)

# विश्वमा कहीं नभएको संविधान हामीले बनायौं

**अभियान संवाददाता**

काठमाडौं । प्रधानमन्त्री केपी ओलीले महिलालाई ३३ प्रतिशत आरक्षण र स्थानीय निकायमा ४० प्रतिशत स्थान दिएर विश्वमा कसैले गर्न नसकेको काम नेपालले गरेको दाबी गरेका छन् । प्रधानमन्त्री ओलीले उक्त कुरा नेपालको संविधान जनता माझ लैजान सुरू गरेको नेपालको संविधान जनताको संविधान जनताकै माझ भन्ने मूल नाराका साथ एक महिने राष्ट्रव्यापी प्रचार अभियानको राजाधानीमा सोमबार उद्घाटन गर्दै बताएका हुन् । सो अवसरामा उनले सबै राजनीतिक दल र जनतालाई समेत जिम्मेवार बन्न आग्रह समेत गरेका छन् ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आयोजना गरेको उक्त



कार्यक्रममा प्रधानमन्त्री ओलीले भने देश हाम्रै हो, सरकारले मधेसलाई हेरेन भन्ने कुरा भ्रम हो । देशलाई गरिब बनाइराख्न सकिँदैन, अब कृषि र (**बाँकी अन्तिम पेजमा**)

# अब काठमाडौंलाई तताउनु पर्‍यो



शाश्वत शर्मा खतिवडा

यो मुलुकमा 'मसल'को बढी महत्व छ । तपाईं-हामी चाहे जतिसुकै 'कलम' बाट अनि विचारबाट यहाँका मानिसहरूलाई बुझाउन खोजौं, त्यो त्यति कारगार हुँदैन । जति सडकमा भीड देखाएर हुन्छ । अझ भन्न र गर्न त हुन्न, तर पनि भन्नै पर्दा तोडफोड, आगजनी र बन्दजस्ता कार्यक्रम हाम्रो देशमा राम्रो (!) मानिन्छ, र यहाँका मानिसहरूले अनि सरकारले पनि त्यस्तो भाषालाई राम्रैसँग सुन्ने गर्छ । त, प्रसंग लिऊँ राजावादीहरूको पुरानो संस्था 'नेपाल विद्वत परिषद्'ले मोरङको विराटनगरमा गरेको जुलुस र सभाको । ...अर्को राजावादी संस्था 'राजसंस्था फर्काउ अभियान'ले वीरगञ्जमा आयोजना गरेको 'राजसस्था स्थापना'को ऱ्यालीका बारेमा । समाचार अनुसार विराटनगरको जुलुस र सभा भव्य थियो । सहभागी अधिकांश मधेसीहरूले 'राजा आऊ देश बचाउ'को नारा लगाएका थिए । नेपाल विद्वत परिषद्, मोरङले आयोजना गरेको कार्यक्रमममा केन्द्रिय अध्यक्ष जीतबहादुर अर्जेललगायतले सम्बोधन (**बाँकी अन्तिम पेजमा**)

# निषेधको राजनीतिमा मधेसवादी दल

काठमाडौं । पहिलो संविधानसभाको चुनावपछि तत्कालिन तीन ठूला दल भनिएका एनेकपा माओवादी, कांग्रेस, एमाले र मधेसवादी दलहरूले अन्य साना पार्टीहरूलाई निषेधको राजनीति गरेका थिए । ठूला भनिएका दलहरूले साना पार्टीहरूलाई वेवास्ता गर्ने र उनीहरूले उठाएका जायज मुद्दाहरू पनि बहुमतका आधारमा पारित हुन दिएका थिएनन् । त्यसैकारण संविधानसभामा असफल भयो र त्यसले संविधान निर्माण गर्न सकेन र आफैं बाध्य भएर मृत्युवरण गर्न बाध्य भयो ।

संविधानसभाको दोस्रो निर्वाचत सम्पन्न भएपछि दलहरूको राजनीतिक हैसियतमा परिवर्तन भयो । पहिलो संविधानसभामा सबैभन्दा ठुलो राजनीतिक दल एमाओवादी तेस्रो पार्टीमा खुम्चिन बाध्य भयो भने दोस्रो







र तेस्रो स्थानमा रहेका कांग्रेस र एमाले क्रमशः पहिलो र दोस्रो पार्टी भए । पहिलो संविधानसभामा चार जना उपस्थित गराउन सफल राप्रपा नेपाल दोस्रो संविधानसभामा चौथो ठूलो पार्टीको रूपमा उपस्थिति जनाउन सफल भएपनि दोस्रो संविधानसभामा समेत उसमाथि निषेधको राजनीति गरेर कांग्रेस, एमाले र एमाओवादीले जनताको अपमान गरे । जब संविधानसभाले असोज ३ गते संविधान जारी गऱ्यो, तब मात्र कांग्रेस, एमाले र एमाओवादीले राप्रपा नेपालको आवश्यकता महसुस गरे । (**बाँकी अन्तिम पेजमा**)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।
– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

## गैरसरकारी संस्थामाथि छानविन गर

*०६२/०६३ को आन्दोलनपछि राजनीतिले जगाएका आशाहरु क्रमशः मरिसकेका मात्र छैनन्, अब मुलुकको भविष्य के होला भन्ने चिन्ता व्यापक बढ्न थालेको छ । मुलुकका लागि राजनीति गरेको भन्ने राजनीतिक दलहरु र त्यसका नेताहरु मुलुकमा उत्पन्न भएका समस्याहरु समाधान गर्न सकिरहेका छैनन्, त्यतिमात्र होइन उनीहरु संकट समाधानका लागि एकमत समेत हुन नसक्नुले मुलुकको भविष्य नै संकट परेको छ । राजनीतिक दलका नेताहरुले एक अर्कालाई मुलुकप्रति नै गद्दारी गरेको राष्ट्रिय स्वार्थ विपरित आफ्ना महत्वाकांक्षा र पार्टीगत स्वार्थका लागि खासगरेर दक्षिणी छिमेकी मुलुक भारतसँग अनेक प्रकारका सम्झौता गरेको आरोपहरु लगाउनैमा व्यस्त भएका छन् । तत्कालिन समयमा भारतको प्रधानमन्त्री कार्यालयमा नेपालको राजनीतिमा मध्यस्थता गर्न र राजतन्त्र उन्मूलन गर्न विन्तिपत्र बुझाउने डा.बाबुराम भट्टराई अहिले स्वयं नेपालको आन्तरिक राजनीतिको चर्चा गर्न राजनीतिक दलका नेताहरु दिल्ली धाउनु गलत भएको अभिव्यक्ति दिन थालेका छन् । स्वयं भट्टराई भने दिल्लीमैं पुगेर त्यस्तो अभिव्यक्ति दिनु राजनीतिक द्वैध चरित्र प्रदर्शन गर्नु होइन र ?*

*०६२/६३ मा भारतको सहयोग र समर्थनमा भारतको राजधानी नयाँदिल्लीमा भएको १२ बुंदे सहमतिपछि तत्कालिन कांग्रेस, एमाले र एमाओवादीका नेताहरुलाई दिल्ली बोलाएर त्यही सम्झौता गरेपछि नेपालका नेताहरु दिल्ली जानेक्रम बढेको हो । अहिले मुलुकको आन्तिरिक मामिलालाई समेत दिल्लीमा पुऱ्याइएको छ । मधेसी मोर्चाका नेताहरु आफ्ना माग नेपाल सरकार र राजनीतिक दलहरुले पुरा नगरेको भन्दै माग पुरा गराउन दबाब दिन भारतलाई गुहार गरेर नेपाल फर्किएका छन् । मधेसी मोर्चाको उक्त व्यवहार पनि कांग्रेस, एमाले र एमाओवादीको भन्दा फरक देखिएको छैन । अहिले भारतले नेपालमाथि अघोषित नाकाबन्दी गरेर नेपाली जनतालाई संकटमा बाँच्न बाध्य पारेको बेला नेताहरुले गरेको भारत भ्रमणलाई जनताले सकारात्मक रुपमा लिन सकेका छैनन् ।*

*नेपालको राजनीतिमा भारतको प्रत्यक्ष संलग्नता नेपालको हितमा हुनै हालतमा पनि हुन सक्दैन । अहिले नै प्रत्यक्ष संलग्नता प्रत्युत्पादक भइसकेको अवस्थामा मधेसी नेताहरुले आन्तरिक समस्या समाधान मुलुकभित्रै खोजिनु पर्ने निष्कर्षमा पुगेर दिल्लीको आर्शिवाद लिने काम बन्द गर्न सके मधेसी नेताहरुको सम्मान बढ्छ र उनीहरुको राजनीतिक स्थायित्व समेत बढ्ने पक्कापक्की नै छ । तर जनताबाट टाढिएर कसैको उक्साहटमा आफ्नै जनतामाथि अविश्वास गरेर अर्काको भरपर्नु उनीहरुका लागि श्रेयकर हुन सक्दैन । भारतको पत्यक्ष संलग्नताले उत्तरी छिमेकी मुलुक चीनलाई समेत निम्त्याइसकेको छ । त्यो अवस्थालाई कसैले वेवास्ता गरेर अघि बढ्न खोजेको खण्डमा त्यसले मुलुकलाई दुई देशको फुटबल मैदानका रुपमा स्थायित गर्न सक्ने सम्भावना बढेर गएको छ ।*

*पछिल्लो समयमा केही नेताहरुले नेपालमा बाह्य हस्तक्षेपका बारेमा चासो राख्न थालेका छन् । त्यो स्वागतयोग्य विषय स्वीकार गर्नै पर्छ । पूर्वप्रधानमन्त्री एवं एमाले नेता माधव नेपालले हालै राजनीतिक शास्त्र समाजद्वारा आयोजित कार्यक्रममा मुलुकको अखण्डता तथा विभिन्न जाती, समुदायबीचको सद्भाव बिथोल्न केही गैरसरकारी सस्थाहरु संलग्न रहेको बताएका थिए । प्रधानमन्त्री भइसकेका व्यक्तिले हचुवाको भरमा पक्कै पनि त्यस्तो अभिव्यक्ति दिएका होइनन् होला । गैरसरकारी संस्थाहरुलाई विभिन्न अन्तर्राष्ट्रिय दाताहरुले पैसा दिएका हुन्छन्, त्यो पैसा जातीय सद्भाव विथोल्नैका लागि दिएको होइन होला ? जातीय सद्भाव विथोल्न त्यस्तो पैसा प्रयोग भए मुलुक नै विखण्डन हुन सक्ने भएकाले नेता नेपालले आफूले पाएको सूचना सरकारलाई दिएर त्यस्ता गैरसरकारी संस्थारुलाई सरकारले अविलम्ब कानुनी कारबाही गरी जनतालाई त्यसको जानकारी गराउनु सरकारको दायित्व र कर्तव्य समेत हो भन्ने हामीले ठानेका छौं ।*

*२०६२/०६३ को राजनीतिक परिवर्तनपछि जातीय राज्यको नारा लागेको हो । त्यो नारालाई एमाओवादीले संविधानसभाको पहिलो निर्वाचनमा व्यापक प्रयोग गऱ्यो, त्यसैले ऊ संविधानसभामा सबैभन्दा ठूलो पार्टी भए पनि संविधानसभाको दोस्रो निर्वाचनसम्म आइपुग्दा जनताले जातीय राज्यको नारालाई अस्वीकार गरे र त्यस्तो नारा लगाउने एमाओवादी तेस्रो पार्टीमा खुम्चिन बाध्य भयो । केही पश्चिमा मुलुकहरुले जातीय नारा बोकेका पार्टीहरुलाई आर्थिक सहयोग गरेकैं हुन् । डा.बाबुराम भट्टराईलाई प्रधानमन्त्रीबनाउनु पूर्व भएको चार बुंदे सहमतिमा पनि यो आशय देख्न र बुझ्न सकिन्छ । राजनीतिक दलहरु राजनीतिक आस्था, सिद्धान्त र मान्यताका आधारमा स्थापित हुन्छन् । तर अहिले त्यसको ठीक विपरित हिन्दू समाजको विखण्डनका लागि प्रयास भएको देखिन्छ । धर्मनिरपेक्षताका नाममा धर्मलाई किनबेचको बस्तु बनाइएको छ । त्यसमा राजनीतिक दलका शीर्ष नेताहरु नै लागेका र गैरसरकारी संस्थाहरुले उनीहरुलाई प्रयोग गरिरहेका हुनाले अविलम्ब त्यस्तो कार्य रोक्न सरकारले कदम चाल्नु आवश्यक छ । त्यस्ता व्यक्तिहरुमाथि कारबाही गरी मुलुकलाई विखण्डन हुनबाट जोगाउन हामी जोडदार माग गर्दछौं ।*

# संविधानको गीत गाउँदै 'अख्तियारमाथि धारे हात

*देवेन्द्र चुडाल*

नयाँ संविधान जारी भएपश्चात आफ्नो अधिकार क्षेत्र भित्र रहेर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विभिन्न दलमा संलग्न भएका व्यक्तिहरूलाई पत्र काटेर बयानका लागि आयोगमा बेलाएपछि त्यस्ता दलरूमा तरङ्ग उत्पन्न भएको छ । मुलुक भ्रष्टाचारको जालोमा डुबेको र विभिन्न समयमा तत्कालीन प्रधानमनत्रीले नै आयोगले ठूला माछालाई छोडेर साना माछालाई मात्र कारबाहीको दायरामा ल्याएको भन्दै सार्वजनिक अभिव्यक्ति नै दिने गरेका थिए । त्यसैक्रममा आयोगले लामो छानविन गरी केही व्यक्तिहरूलाई पत्र काटेर बयानका लागि आयोगमा बोलाउँदैमा राजनीतिक दलहरू र दलमा संलगन व्यक्तिहरू तर्सिहाल्नु पर्ने अवस्था देखिँदैन । राजनीतिक दलहरूले समेत भ्रष्टाचारलाई न्यूनिकरण गर्न सरकार र आयोगलाई सघाउनु पर्छ । मुलुक भ्रष्टाचारको मामलामा विश्वमै बद्नाम भएको छ । अरू त अरू २०७२ वैशाख १२ गते गएको भूकम्पले गर्दा घरबारबिहीन भएका परिवारहरूलाई राहत दिने क्रममा समेत भ्रष्टाचार भएको राष्ट्रिय सतर्कता केन्द्रले प्रतिवेदन नै तयार गरी मन्त्रिपरिषदलाई बुझाएको थियो ।

राष्ट्रिय सतर्कता केन्द्र प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत राखिएको छ । केन्द्रले आफ्नो वार्षिक प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाउँछ । त्यही केन्द्रले भूकम्पपीडितको नाममा त्रिपाल खरिद काण्डमा झण्डै २५ करोड रूपैयाँ घोटला भएको प्रतिवेदन तयार गरी तत्कालिन प्रधानमन्त्री सुशील कोइरालालाई बुझाएको थियो । तर, उक्त प्रतिवेदनमा घोटलामा संलग्न भएका भनिएका कसैलाई पनि आजसम्म कारबाही भएको छैन । त्यसले गर्दा सरकारले नै भ्रष्टाचारलाई प्रोत्साहन दिएको जस्तो देखिएको छ । त्रिपाल खरिद काण्डमा दोषी देखिएकाहरूलाई अब केपी ओली नेतृत्वको सरकारले कारबाही गरेर देखाउन सके मात्र ओली सरकारको निष्कलंकता प्रमाणित हुन्छ । भ्रष्टाचार नियन्त्रण गर्नैका लागि भनेर संवैधानिक रूपमै अख्तियार दुरूपयोग अनुसन्धान आयोग गठन गरिएको हो । आजसम्म उसले गरेका काम कारबाहीलाई जनताले समर्थन गरिरहेका छन् । बाटो घाटो चोक र गल्ली गल्लीमा भ्रष्टाचारी भनि कहलिएका केही व्यक्तिहरूलाई आयोगले कारबाहीको प्रक्रियामा ल्याउँदा केही भ्रष्टाचारीहरू पानी बेगरका माछाजस्ता भएका थिए, तर पछिल्लो समयमा आयोग कता अलमलियो वा उसले राजनीतिक दबाबमा परेर ठूला माछाहरूलाई कारबाहीको दायरामा ल्याउन सकेको थिएन । पछिल्लो समयमा आयोग केही सक्रिय भएजस्तो देखिएपछि केही राजनीतिक दलहरू नै आयोगको विपक्षमा व्यक्तव्यबाजी गर्दै आयोगको निष्पक्षतामा माथि नै प्रश्न उठाइरहेका छन् । संवैधानिक आयोग भएको र त्यहाँ कांग्रेस, एमाले र एमाओवादीसहितका दलहरूले सिफारिस गरेका व्यक्तिहरू नै आयोगका आयुक्तहरू रहेका हुनाले आयोगले पक्षपातपूर्ण व्यवहार गरेर आफुहरूलाई फसाउने रणनीति अपनायो भन्नुमा कुनै तुक देखिँदैन । आयोगले राजनीतिक, प्रशासनिक र सुरक्षा निकायका केही व्यक्तिहरूलाई पत्र पठाएपछि प्रमुख भनिएका तीन दल कांग्रेस, एमाले र एमाओवादीका शीर्ष नेताहरूले अख्तियारकै आयुक्तहरूसँग सोधपुछ थालेका छन् । स्वयं प्रधानमन्त्री केपी ओली, कांग्रेस सभापति सुशील कोइराला र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले आयुक्तहरूसँग सोधपुछ गरेर पत्र पठाउने विधि, प्रक्रिया र पत्र पठाउनुको कारण बुझ्न थालेपछि अब आ–आफ्ना पार्टीमा संलग्न भएका व्यक्तिहरूसँग समेत छलफल गर्ने निर्णयमा उनीहरू पुगेको सुत्रले दाबी गरेको छ ।

अख्तियारले आयोगमा हाजिर हुन पत्र पठाएपछि राजनीतिक दलका शीर्ष नेताहरू परामर्शमा लागेका छन् । उनीहरूले आ–आफ्नो पार्टीका सदस्यहरूलाई समेत परामर्श गर्न निर्देशन दिएका छन् । यसरी अख्तियारले पत्र काट्दैमा राजनीतिक दलहरूभित्र यति ठूलो तरङ्ग आउनु पर्ने अवस्था नै थिएन । उनीहरू भ्रष्टाचारमा संलग्न नभएको भए, आयोगमा पुगेर आफ्ना कुरा राख्न किन डराउने ? आयोगले पनि कुनै पूर्वाग्रह राखेर कसैमाथि कारबाही चलाउनु उचित हुँदैन । यदि त्यसो भएमा आयोगको औचित्यमाथि नै प्रश्न उठ्न सक्ने भएको हुनाले त्यस विषयमा आयोग सचेत हुनै पर्छ । आयोगले आजसम्म गरेका काम कारबाहीलाई जनताले सहयोग र समर्थन गरिरहेका बेला कसैमाथि राजनीतिक पूर्वाग्रह राखेर कारबाही गर्ने प्रयाससम्म भए आयोगको औचित्य नै समाप्त हुने र जनताको विश्वास माथि समेत घात हुने भएको हुनाले आयोगले पूर्वाग्रह राखेर कसैलाई कानुनी दायरामा ल्याउन सक्छ भन्ने विश्वास गर्न सकिने आधारहरू अहिलेसम्म देखिएका छैनन् । पत्र काट्दैमा कसैल डराउनु पर्ने आवश्यकता नै छैन । पत्र काट्दैमा कसैलाई दोषी प्रमाणित गर्न सकिँदैन । त्यसका लागि बलिया आधारहरू आवश्यक पर्छ । अहिले पनि कतिपय भ्रष्ट व्यक्तिहरू प्रमाणको अभावमा सरकारी उच्चपदमा आसिन भएका थुप्रै उदाहरण रहेका छन् । सरकारी उच्च पदामा बसेर डिभी, पीआर, ग्रिन कार्ड लिएका व्यक्तिहरू अहिले पनि सरकारी पदमै रहेका भएपनि उनीहरूलाई कानुनी कारबाही गर्न न त सरकारले सकेको छ, न त अख्तियारले नै । त्यति हुँदा हुँदै पनि जनताले उनीहरूलाई भ्रष्टाचारी र पीआर, ग्रिनकार्ड लिएका भनी बारम्बार चर्चा गर्ने गरेका छन् । यसरी प्रत्येक क्षेत्रमा भ्रष्टाचारले जरा गाडेका बेला सबै राजनीतिक दलहरू एकजुट भएर भ्रष्टाचार न्यूनिकरण गर्नका लागि आवाज उठाउँदै भ्रष्टाचार न्यूनिरकण गर्न गठन भएका संघसंस्थाहरूलाई सहयोग गर्नुको बदला उनीहरूमाथि नै औंला उठाउनुले भ्रष्टाचारमा कहिले कमी आउन सक्दैन र भ्रष्टाचारीहरू कानुनी दायरामा आउन सक्ने सम्भावना न्यून रहेको छ । साना–साना कर्मचारीहरू खरिदार, सुब्बाजस्ता पदामा रहेका व्यक्तिलाई कारबाही गरेर भ्रष्टाचार कहिल्यै न्यूनिकरण हुन सक्दैन भन्ने हेक्का दलका शीर्ष नेताहरूमा भए उनीहरू किन पत्रको पछाडि लाग्थे र ?

चाणक्य नीतिमा लेखिएको छ, भ्रष्ट सरकारमा इमान्दार डराउँछन् र इमान्दार सरकारमा भ्रष्टहरू डराउँछन् । भ्रष्टाचार काण्डमा कहिल्यै नमुछिएका व्यक्ति केपी प्रधानमन्त्री बनेका छन् । आफू स्वच्छ र निष्कलंकित व्यक्ति भएको हुनाले उनले भ्रष्टहरूसँग डराउनु पर्ने कुनै कारण छैन । यदि आफ्नै पार्टीमा पनि भ्रष्टाचारीहरू छन् भने तिनीहरूलाई कानुनी दायरामा ल्याउन प्रधानमन्त्रीले कुनै कसर बाँकी राख्नु हुँदैन । जसरी उनले राष्ट्र, राष्ट्रियता र स्वाधनीनताका पक्षमा कडा अडान प्रस्तुत गरेर जनताको वाहवाही पाएका छन्, त्यसैगरी भ्रष्टाचारीहरूलाई पनि कुनै सहयोग र समर्थन नगरेर कानुनी दायरामा ल्याउन संवैधानिक आयोग अख्तियारलाई सहयोग गरेको खण्डमा मात्र उनी प्रधानमन्त्री भएको सार्थकता रहन सक्छ । पछिल्लो समयमा भारतले लगाएको अघोषित नाकाबन्दीको मारमा परेका जनतालाई बचाउने दायित्व र कर्तव्य समेत प्रधानमन्त्री भएको नाताले ओलीकै हो । अहिले इन्धनलगायतका अन्य वस्तुहरूमा व्यापक मात्रामा कालोबजारी भएको छ । जनताले सहज रूपमा इन्धन पाउन सकेका छैनन् । भूकम्पपीडितहरूको अवस्था संकटपूर्ण रहेको छ । भूकम्प पीडितहरूलाई दिइने आर्थिक सहयोगमा समेत व्यापक भ्रष्टाचार भएको छ । स्थायनी प्रशासनले राजनीतिक दलहरूको प्रभावमा परेर क्षतिग्रस्त भएका घरहरूको संख्या दोब्बर बृद्धि गरेको छ । यसरी प्रत्येक क्षेत्र भ्रष्टाचारको जालोमा डुबेका बेला उपल्लो तहमा बसेका व्यक्तिहरूमाथि अख्तियारले पत्र काटेर सोधपुछ गर्नु न्याय संगत नै देखिन्छ । त्यसमा त्यस्ता व्यक्तिहरू डराउनु पर्ने कुनै कारण नभएपनि चोरको खुट्टा काट भन्दा चोरले खुट्टा उचाल्ने उखानलाई अहिले राजनीतिक दलहरूले चरितार्थ गर्नु किमार्थ उचित हुँदैन ।

संविधान निर्माणपछि मुलुक अशान्त रहेका बेला राजनीतिक दलहरूले जनताको घाउमा मल्हम लगाउने बेलामा एउटा संवैधानिक आयोगले आफ्नो अधिकार क्षेत्रभित्र रहेर संविधानले दिएको अधिकार प्रयोग गर्दा ठाडो हात लगाउनुले राजनीतिक दलहरूको हैसियत कुनै हालतमा पनि उच्च हुन सक्दैन । नेपालीमा एउटा उखान छ, नबिराउनु, नडराउनु । नबिराएका व्यक्तिहरू डराउनु पर्ने कुनै कारण छैन । अख्तियार न्याय दिने अन्तिम निकाय होइन, उसले त आधार र प्रमाणहरू जुटाएर कानुनी दायरामा ल्याउने एउटा बाटोमात्र खोल्न सक्छ । न्याय दिने र दोषी भए, नभएको प्रमाणित गर्ने अन्तिम निकाय अदालत नै हो । अदालतले दिएको निर्णय अख्तियार समेत स्वीकार्न बाध्य हुन्छ । त्यसैले पत्र काटेर सोधपुछ गर्न बोलाएका व्यक्तिहरू सरासर अख्तियारमा पुगेर आफ्नो भनाई राख्नु स्वयं उनीहरूकै हितमा हुनेछ ।

राजनीतिक दलहरू र दलमा संलग्न व्यक्तिहरू स्वच्छ भए मात्र जनताले समेत उनीहरूलाई विश्वास गर्न सक्छन् । जनताले विश्वास गर्न सक्ने वातारण बनाउने जिम्मेवारी स्वयं राजनीतिक दल र नेताहरूकै हो । विभिन्न प्रतिवेदनहरूले नेपालमा व्यापक भ्रष्टाचार हुने देखाएको हुनाले राजनीतिक दल र त्यसमा संलग्न भएका व्यक्तिहरू भ्रष्टचारमा डुबेको प्रमाणित हुँदैन र ? राजनीतिक दलभित्र पनि गुट, उपगुट हुने गरेको र आ–आफ्ना गुटका मान्छेलाई बचाउन शीर्ष नेताहरू लाग्ने गरेको हुनाले भ्रष्टाचारमा कमी आउन नसकेको सत्य वास्तविकता हो । यदि साच्चिकै नेपाललाई भ्रष्टाचार मुक्त राष्ट्र बनाउने हो भने पहिला राजनीतिक दलहरू नै शुद्ध हुनुपर्छ । राजनीति गर्ने व्यक्तिहरू नै सरकारमा सामेल हुने र उनीहरूले नै कर्मचारीतन्त्रलाई प्रयोग गरेर भ्रष्टाचार गर्ने गरेको इतिहास रहेको छ । यदि त्यसो नहुँदो हो त किन मन्त्रीले आफू मन्त्री हुनासाथ आफ्नो मन्त्रालयको सचिव फेरबदल गर्छन् ? के त्यो भ्रष्टाचार गर्नेका लागि होइन र ? आफूले भनेको नमाने सचिवलाई एक दुई दिनमै फेरबदल गर्ने परिपाटीको अन्त्य भए भ्रष्टाचारमा केही कमी आउन सक्छ । त्यसैले अब प्रधानमन्त्री ओलीले मन्त्रीहरूलाई खसी बोका रोज झैं सचिव रोज्न अवसरबाट वञ्चित गराउनु पर्छ । अनि मात्र भ्रष्टाचारमा केही कमी आउन सक्छ, नत्र भने भ्रष्टाचार दिन दुई गुणा रात चौगुणा वृद्धि हुँदै जाने निश्चित छ । त्यसैले राजनीतिक दल र त्यसका शीर्ष नेताहरूले अख्तियारप्रति धारेहात लगाउनुभन्दा आफू र आफ्ना कार्यकर्ताहरूलाई भ्रष्टाचार मुक्त गराए जनताको स्याबासी पाउने थिए कि ?

devendrachudal@gmai.com

# संघीय लोकतन्त्र सकिन्नजस्तो छ थाम्न



राजन कार्की

लोकतन्त्र ल्याउनेहरू नै कुहिराको काग बनिरहेका छन् ।संविधान असरल्ल छ, राजनीतिक सोच र जनताको मासिकता बिभाजित हुँदै गएको छ । संघीयताले देशलाई मानसिक र भौगोलिक कित्ताकाट गर्लाजस्तो छ । नयाँ नेपाल अव्यस्थित र अराजक बन्दै गइरहेको छ । संघीय लोकतन्त्र भन्ने तर त्यसको गरिमा र महिमाको विवेक पुऱ्याउन नसक्नेहरूका कारण संघीय लोकतन्त्र सकिन्नजस्तो छ थाम्न ।

भूकम्पको पीडा, मधेस आन्दोलन र आन्दोलन चर्काउने भारतीय नाकावन्दीको बज्रपातबाट दैनन्दिन जीवनयापनसमेत गर्न नसकेर पक्षाघात भइसकेको छ । १८१५ मा सुगौली सन्धि गर्न बाध्य पारिदाको अंग्रेजको अमानवीयताभन्दा पनि निर्मम तरिकाले नेपाली जनजीवन र नेपालको अर्थतन्त्रलाई हिरिक्क पारेर मार्ने षडयन्त्र भइरहेको छ । मानौं महाभारतकालमा पाण्डव परिवारलाई ज्यूँदै जलाउने बारणावत चक्रव्यूह रचिएको होस् । त्यतिबेला एकजना नीतिशास्त्रका ज्ञाता विदुर थिए र उनले लाहाको महल जले पनि पाण्डव परिवारलाई बचाएर धर्मको रक्षा गरे । वर्तमान कालखण्डमा नाममात्रका विदुर धेरै छन्, विदुरकै जस्तो उत्तम कुरा गर्ने केपी ओलीजस्ता नेता पनि धेरै छन्, तर सत्तामा बसेर शास्त्रका कुरा गर्छन् र व्यवहारमा लोकको संकट टार्न माखो पनि मार्दैनन् ।

भ्रष्टाचारको निरन्तरताले त्यसै पनि सुशासनको समस्या थियो, अब त अराजकता र लुटमारको समस्या थपिएको छ । मधेस आन्दोलन र भारतीय नाकावन्दीले राष्ट्रिय जीवन नै भेन्टिलेटरमा राखेको बिरामीजस्तो जीवन-मृत्युको दोबाटोमा पुगिसक्यो । यस्तो आपातकालमा के गर्ने ? संविधान छ, सरकार पनि छ । न संविधान कार्यान्वयन हुन्छ, न सरकार बिकल्प दिन सक्छ ?

ओली सरकारले संविधान र बिकल्प दुबै दिन सकेन । संविधान आयो, प्रधानमन्त्री, राष्ट्रपति, सभामुख परिवर्तन भए । ३० जनाको जम्बो सरकार, ६-६ जना उपप्रधानमन्त्री । राष्ट्रिय संकटलाई निकास दिन सकेनन् । यो सरकार त मगन्ते सरकार पो बन्यो । चीनले १३ लाख लिटर पेट्रोल दियो, लाजै नमानी अरू देउ न भनेर माग्यो । अहिले साउदी अरवसँग २ करोड लिटर पेट्रोल डिजल अनुदानमा मागेको छ । मुलुकलाई माग्ने बनाउन हामीले संविधान ल्याएका हौं ? संविधानमा स्वावलम्बन र स्वाधीनताको पक्ष यही हो ? आफूलाई जनप्रतिनिधि बताउने राजधानीमा कोचिएर बसेका छन्, 'जनताको संविधान जनताको माझ' भन्ने प्रचार अभियान चलाउन राज्यको ढुकुटीबाट कार्यकर्तालाई तलवभत्ता खर्चिन थालिएको छ ।योभन्दा ओली सरकारको नालायकी अरू केही हुन्छ र ? हुटिट्याउँको कथा पढेका हामीलाई थाहा छ- खानाका काल, देख्नाका डाल । खतिको बेलामा मति आउँदैन भनेको यही हो । केपी ओली राजनीतिक रूपमा नातागत भए, उनको ओह्वालो यात्रा सुरु भयो । हुक्का गुडगुडाएजस्तो टुक्का सुनेर देश र देशवासीले यो महासंकटको खोरिया फाँड्न सक्दैन ।

महाभारतकालमा धृतराष्ट्र भन्ने राजा थिए । उनी पुत्रमोहमा विक्षिप्त हुँदा १८ दिन लामो महाभारत युद्ध नै भयो र कुरुबबंशको बिनास भयो । अहिले नेपालमा नेताहरू सत्तामोहमा बिक्षिप्त छन् । महाभारत नभए पनि भारतले युद्ध छेडेको छ र नेपाली बंशको बिनास गर्दैछ । यो बिनासलीलाबाट बच्ने बिकल्प दिन संविधान, सरकार, संसद सबै असफल भइरहेका छन् । राजनीतिक, कूटनीतिक समस्यालाई संकट बनाइरहेका छौं र लोकतन्त्रको ब्यानर झुण्ड्याएर लोकको हत्या गरिरहेका छौं ।

राजनीतिक नेतागणलाई सत्ता, शक्ति र सम्पत्ति सोहोर्दै फुर्सद छैन, जनगणलाई एकमुठी श्वास बचाउनै मुस्किल परिरहेको छ । यो आधुनिकता र प्रगति हो कि अमानवीयता र पतनमार्ग ? लोकगण अझै नब्यूँझने र यिनै पातकीहरूलाई शीरमा बोकिरहने हो भने अहिले भारतयुद्धमात्र चलिरहेको छ, जाति, धर्म, क्षेत्र, भाषा, भेषको महाभारत युद्ध घोषणा हुन धेरै दिन पर्खिन पर्लाजस्तो छैन ।

ओली जनताका प्रधानमन्त्री हुन् कि एमालेका ? केपी ओली नेपाल सरकार चलाइरहेका छन् कि एमाले, माले, एमाओवादी, राप्रपा नेपाल सरकारहरू ? एउटै सरकारका दश मुहार देखिन्छन् र दशै मुहारहरू दशतिर फर्केका छन् । कुनै मुहार पनि नेपाली जनतातिर, लोकतन्त्रतिर, संविधानतिर, संसदतिर फर्केका देखिदैनन् । दशमुखे सरकार छ, यिनका मुखमात्र प्यार प्यार बोल्छन् । स्वार्थन्धताले दृष्टिहीन छन् शायद, त्यसैले देशका, जनताका समस्या देख्दैनन् र संकटमोचन बन्ने यिनमा इच्छाशक्ति नै छैन । आँखा फुटेको गोरुले सधैं हरियो देख्छ भनेझैं यिनीहरू लोकतन्त्र भत्याइरहन्छन् र सत्ता र राष्ट्रिय ढुकुटीमा देउसी, भैलो खेल्नमै मस्त र व्यस्त छन् ।

संविधान जारी भएपछि देशै खुशी हुनुपर्थ्यो, देशबासीको मुहार उज्यालो हुनुपर्थ्यो । अराजकताले राष्ट्र उकुसमुकुसिदैछ, दाउरा बालेर देशवासी रोगी बन्दैछन् । पुनर्निर्माणको कागजी घोडा रोकिएको छैन, त्रिपालबासी बन्न पुगेका जनता त्रिपाल च्यातिएर र मंसिर-पुसको ठण्डीले दिनदिनै मर्न थालेका छन् । लोक मरून्, लोकतन्त्र मर्नुहुन्न । पुनर्निर्माण थन्कियोस्, कागजी घोडा दौडिन छोड्नुहुन्न । जतिसुकै लोकलज्जा पचाएर पनि सत्ता, शक्ति र सम्पत्तिमा नेताहरूकै रजगज भइरहनुपर्छ । त्यसैले शीतल निवासमा सिमित राष्ट्रपति र सभासदलाई संसद नै बिहेघरजस्तो बनेको छ भने सिंहदरबार र एमाले मुख्यालयमा सिमित ओली सरकार जनताको बिपत्तिमा रत्यौली खेलिरहेको छ ।

बृद्ध-बिरामी, बालबालिका, स्कूलकलेज, जनजीवनको अस्तव्यस्तताले मानवाधिकार हनन हुँदै गयो भनेर विश्व आवाज उठिसक्यो, नेपालमा मानवीय संकट बढ्यो भनेर विश्व चिन्ता प्रकट गर्न थालिसक्यो । तर, सरकार उठ्दैन, ब्यूँझदैन, सरोकार नै राख्दैन । यो बेलामा सर्वदलीय बैठक गरेर नाना, खाना, छानाको आपूर्ति, शिक्षा, स्वास्थ्यको प्रवन्ध गर्नुपर्ने राजनीतिक धर्म निर्वाह गर्नसमेत लोकतान्त्रिक राजनीति चुक्यो । जनताको मनबाट विश्वासको कडी खुस्क्यो । जनता मारमा छन्, जनता बेवारिसेजस्ता बनेका छन् । कूशासनले देशलाई गाँजीसक्यो ।

परराष्ट्रको जिम्मेवारी पाएका राप्रपा नेपालका अध्यक्ष कमल थापाले दुईपल्ट भारत भ्रमण गरे । दुबैपल्ट भारतका सुरक्षा सल्लाहकार अजित डोभल र विदेशमन्त्री सुष्मा स्वराजलाई भेटेर आए । पछिल्लोपल्टको उनको भारत भ्रमण यसकारण पनि महत्वपूर्ण रह्यो कि उनले फर्केपछि आधी कुरा खोले । संविधान जारी हुनुपूर्व नेपाली कांग्रेसका बरिष्ठ नेता शेरबहादुर देउवा र एमाओवादीका अध्यक्ष प्रचण्ड भारत भ्रमणमा गएका थिए । तिनले भारतलाई के के कुरामा आश्वस्त पारे, विश्वास दिलाएर फर्किए । संविधान जारी भएपछि ती आश्वस्त पारेका, विश्वास दिलाएका कुरा पूरा भएनन् र भारत रिसाएको हो । ती कुरा के थिए ? परराष्ट्र मन्त्रीले रहस्य खोलेनन् । ती रहस्य अब सतहमा आउनुपर्छ । नेपाली जनताका नेताले भारतमा के बोल्दा रहेछन् र नेपालमा कस्तो भूमिका निर्वाह गर्दारहेछन् भन्ने जनताले थाहा पाउनैपर्छ । शेरबहादुर देउवा र प्रचण्ड भनेका नेपालका नामी नेता हुन् । नामी नेताले यस्ता बेनामी काम गर्छन् भन्ने खुलासा भएन भने भविष्यमा अहिलेकोजस्तो मधेस आन्दोलन र भारतीय नाकावन्दीका घटना दोहोरिन सक्छन् । बिभेदको नाममा अनेक बिस्फोट हुनसक्छन् । भूपरिबेष्ठित नेपालले पटक पटक नाकावन्दी भोगेर नाकका चालले हिड्न सक्दैन । पहिले न्याय नपाए गोर्खा जानु भनिन्थ्यो, अहिले न्याय खोज्न हेग जानुपर्ने थियो, त्यो हिम्मत समेत ओली सरकारले देखाउन सकेन । अर्थात् ओली पनि त हिजोका उतैका विश्वासपात्र न हुन् । उनको भित्री मनमा पनि देशको मायाँ भन्दा सकभर भारत नरिसाओस् भन्ने भय टाँसिएको जो छ ।

शायद दिल्लीको बासमती चामलको बासी भातको उपद्रो हो यो सब । अहिले पनि यो उपद्रोको छिनोफानो भएन भने कहिले नहुनसक्छ । नेपालको लोकतन्त्र सदावहार रूपमा दिल्लीको रिमोटमा चल्ने टीभीको बाकस भएर रहनेछ । त्यसैले आफैंले संविधान बनाएको डिङ हाँक्नेहरूले सामुहिक निर्णय गरून्- नेपालको लोकतन्त्र नेपाली स्वाभिमानले चल्छ । तत्काल चलाएर देखाउन् । तमासा बनेर धुमधुम्ती नबसुन् । संविधान, संसद, सरकार जिवित छ, जिवन्त छ भनेर विकल्प खोजेर देखाउन् । सुष्मा स्वराजले भनेजस्तो 'ईश्वरको इच्छा भए ५-७ दिनमा नाका खुल्छ' भन्ने आकाशवाणीको प्रतिक्षामा नबसुन । हेक्कारहोस्, नेपाली जनता र नेपाल राष्ट्रको जीवन साह्रै कष्टकर बनिसक्यो ।

यो विषम परिस्थितिको कारक मधेसी मोर्चा होला, भारत होला । तर कारक असक्षम हाम्रो नेतृत्व पनि हो । क्षमता हुनेले निकास दिन अथवा बिकल्प खोज्न यसरी भद्रो हेरेर बस्दैन । सरकार चलायमान हुन्छ । देश र जनताको समस्यामा सरकारको साथ छ भनेर प्रमाणित गर्ने हरसम्भव प्रयास गर्छ । यसरी निर्लज्जतापूर्ण ढंगले मूकदर्शक बनेर र गनाएर बस्दैन जनताप्रति जिम्मेवार सरकार ।

लाग्छ, ओली सरकार नाक, कान, मुख, आँखा थुनेरमात्र मात्र होइन, विवेकशून्य बनेर बसेको छ । देशको बर्बादी र जनताको ब्याकुलतासँग यो सरकारलाई कुनै सरोकार नै छैन । यो सरकार देशको सहायक र जनताको अभिभावक नै होइन ।

संवैधानिक सरकार सेतो हुनुपर्ने हो । सेतो अर्थात सुशासनयुक्त । यो त कालो सरकार भयो । जता हेऱ्यो उतै कालो कूशासन । सेतो भन्ने त प्रशासनमामात्र होइन, सुरक्षा निकाय र अख्तियारमा समेत देखिन छाड्यो । कालोबजारले कालम्मे बनाइसक्यो मुलुकलाई । सरकार नै कालोबजारको नाइके भएपछि सेतो भन्नु त सपना न हो । आयल निगम, साल्ट ट्रेडिङ, आपूर्ति मन्त्रालय वा अन्य मन्त्रीहरूको के कुरा गर्नु, अहिले सबैभन्दा कालो अनुहार प्रधानमन्त्री केपी ओली र उनको पार्टीपंक्तिकै देखिन थालेको छ । मूल नै फोहर भएपछि राज्य प्रवाह कसरी पवित्र हुनसक्छ ?

मधेस आन्दोलन र भारतीय नाकावन्दीबाट आक्रान्त मुलुकलाई निकास दिन केही त गर सरकार । लाजगाल टार्नेका लागि पनि विकल्प खोजिहाल सरकार ।भारत महाराजका सुरक्षा सल्लाहकारको अजित डोभलको बुधवार बिहानै फर्मान जारी भयो : राजनीतिक सहमति गर्नोस्, धर्ना हटाउनोस्, नत्र नाका खुल्दैन । ओली सरकार साँढे उग्राएजसरी अझै उग्रएर बसिरहने ?राणाकालमा भन्ने गरिन्थ्यो : सकिन प्रभू मैले पत्थरकोइला थाम्न । अहिले लोक भन्न थालेका छन् : लोकतन्त्र त ल्याइयो, नेताहरूका कारणले सकिएन थाम्न ।

---

# शिक्षित बन्दै मुस्लिम महिला

*विश्वराज पछल्डङ्ग्या*

नेपालगञ्ज । कुनै बेला मेलापात र खेतीपातीका लागि मात्र घरबाहिर निस्कने रनियापुर- ८, चमकदारपुरकी समशुल पठानिन (खातुन) हिजोआज महिला अधिकार र घरेलु हिसाबारे वकालत गर्दै हिँड्छिन् । उनी महिलालाई शिक्षा, स्वास्थ्य र व्यवसायमा अवसर दिलाउन समाज र सरकारी तथा गैरसरकारी संस्थासम्म धाइरहेकी हुन्छिन् ।

उनको अभियानलाई गाउँका १७ जना महिलाले साथ दिइरहेका छन् । समूह बनाएर सङ्गठित भएका महिलाले मासिक बचतसमेत गर्छन् । सङ्गठित भएपछि बचत गर्ने बानी विकास भएको छ र उनीहरूले एक-आपसमा दुःखसुखका कुरा बिसाउने थलो पाएका छन् ।

भेला भएर सामूहिक बचतबारे छलफल गर्न थालेपछि एक-आपसमा आत्मियता बढेको चमकदारपुरका मुस्लिम महिला बताउँछन् । 'समूह नहुँदा चिनजान भए पनि आत्मियता थिएन,' फात्मा समूहकी अध्यक्ष समशुलले भनिन्, 'अहिले घरमा भएका सानातिना कुरा पनि साटासाट हुन्छ । कतै हिंसा वा विवाद पाइएमा हामी गएर सम्झाउँछौं ।'

मासिक सय रूपैयाँ बचत गर्ने महिलाले स्वास्थ्य, सरसफाइ र बालबालिकाको शिक्षाका कुरा पनि गर्छन् । घर-परिवारभित्र गरिने व्यवहारबारे पनि खुलेर आफ्ना समूहमा राख्ने गर्छन् । समूहमा आबद्ध ६० वर्षीया कोइली कहारले भनिन्, 'पहिले घरबाट बाहिर निस्कन, बोल्न पाइँदैनथ्यो । अहिले खुलेर साथीसङ्गीसँग बोल्न पाउँदा मन हलुका हुन्छ ।'

रनियापुरका मुस्लिम महिलाले बचत गरेको रकम जनजागरण सहकारी संस्थामा जम्मा गर्छन् । घरखर्च गर्न पैसाको जरूरत परे समूहका सदस्यसँग सापटी लिएर काम चलाउने गरेको फात्मा समूहकी सदस्य हसिबुन कुरैसीले बताइन् । कुरैसी भन्छिन्, 'बचत गरेको रकम हिनामिना नहोस् भनेर सीधै सहकारीमा जम्मा गर्छौं, घरखर्चका लागि चाहिए सदस्यहरूले सहयोग गर्छन् ।'

आर्थिक र भावनात्मक सहयोगले सानोतिनो गर्जो टर्ने र काम गर्न आत्मबल बढ्ने गरेको समूहकी सदस्य साकिरा कुरैसीले बताइन् । 'सानोतिनो कामका लागि समूहका सदस्यले नै रूपैयाँ दिन थालेपछि रकम खोज्न टाढा जानुपर्ने समस्या हटेको छ,' साकिराले भनिन्, 'पहिले कसैलाई कसैसँग वास्ता थिएन ।'

अधिकार लिँदा कर्तव्य बिर्सन नहुने उनीहरूले राम्रोसँग जानेका छन् । त्यसैले उनीहरूले अधिकारसँगै दायित्व र कर्तव्यका कुरा पनि महिलालाई सिकाउने गरेका छन् । 'हामीले अधिकारसँगै दायित्व र कर्तव्यका कुरा पनि सिकाउँछौं,' फात्मा समूहकी अध्यक्ष समशुल पठानिनले भनिन्, 'घरपरिवारलाई सुखी, खुसी राख्नु, समयमा खाना दिनु, बालबच्चाको हेरचाह राम्रोसँग गर्नु हाम्रो दायित्व र कर्तव्य हो भनेर सिकाउँछौं ।'

समूहमा बसेपछि महिला-महिलाबीच विश्वास बढेको छ भने एकले अर्कालाई चिन्ने र सामाजिक काममा लाग्ने हौसला मिलेको छ । एकजना घुम्टोबाहिर आएपछि अरु पनि निस्कन थालेको अमिरूल निसाले बताइन् । त्यहाँका महिलाले तीन वर्षदेखि मुस्लिम धर्मावलम्बीको महान् पर्व 'इद-उल-फित्र'मा शुभकामना कार्यक्रम गर्दै आएका छन् । महिला समूहले हालसम्म १० हजार दुई सय रूपैयाँ जनजागरण सहकारीमा बचत गरेका छन् र पाँच सय सेयरको मालिक बनेका छन् । सेयर सदस्य बनेबापत सहकारीबाट बिनाधितो बढीमा २० हजार रुपैयाँसम्म ऋण पाउने अध्यक्ष पठानिनले जानकारी दिइन् ।

रनियापुरका महिला पुरातन सामाजिक मान्यतालाई चिर्दै समाज सुधारको काममा अग्रसर भएको यहाँको समाजले बुझ्दै गएको छ । यहाँका महिला वडा नागरिक मञ्चलगायत विकास योजनाका लागि गठन हुने समितिमा समेत सहभागी हुन थालेका छन् । उनीहरु गाविसलगायत विभिन्न निकायमा महिलाका लागि विनियोजित रकमको खोजी गर्न र त्यसको सदुपयोग गर्न अग्रसर हुन थालेका छन् । स्थानीय नजिरा खातुन भन्छिन्, 'पहिले महिलाका लागि र विकासका लागि आउने बजेटबारे जानकारी हुँदैनथ्यो । कार्यक्रम, छलफल र गोष्ठीमा सहभागी हुन थालेपछि यसबारे धेरै जानकारी पायौं ।'

रनियापुर गाविसको चमकदारपुर गाउँमा ९० प्रतिशत मुस्लिम र १० प्रतिशत हिन्दू छन् । यस गाउँमा मुस्लिम र हिन्दबीच कहिल्यै झगडा भएको छैन । झगडा हुन नदिन महिलाको भूमिका महत्वपूर्ण छ । मुस्लिम महिलाले इदका अवसरमा हिन्दू, इसाई र बौद्धधर्मका आस्था राख्ने महिलालाई आफ्नो कार्यक्रममा बोलाउँछन् । 'इदका अवसरमा उहाँहरु हाम्रो कार्यक्रममा आउनुहुन्छ, दसैं, तिहार र क्रिसमस डेका अवसरमा हामीहरु उहाँहरूको कार्यक्रममा सहभागी भएर खुसीयाली मनाउँछौं,' फात्मा समूहकी अध्यक्ष समशुलले भनिन् । 'हँसिया जति प्रयोग गऱ्यो उती धारिलो हुन्छ, इष्टमित्रसँग जति नजिक भयो उति आत्मियता बढ्छ' भन्दै स्थानीय साल्मा शेष भन्छिन्, 'पहिले कसको बानी कस्तो छ भन्ने थाहा थिएन, बैठकमा नियमित भेट भएपछि मान्छे चिनियो र विश्वास बढ्यो ।'

पुरुषको समेत साथ लिएर शान्ति, सद्भाव, विकास, शिक्षा, स्वास्थ्य र सरसफाइमा मुस्लिम महिलाले अग्रणी भूमिका खेल्न थालेका छन् । कुनै बेला घुम्टोभित्र बस्ने यी महिला अहिले बालिकालाई विद्यालय पठाउने अभियान चलाइरहेका छन् । *(सञ्चारिका)*

# India's Human Rights Violations in Kashmir

Gross human rights violations in the Indian Occupied Kashmir have become a permanent feature of the Indian security forces.

Since 1947, in order to maintain its illegal control, India has continued its repressive regime in the Occupied Kashmir through various machinations.

In this regard, various forms of state terrorism have been part of a deliberate campaign by the Indian army and paramilitary forces against Muslim Kashmiris, especially since 1989. It has been manifested in brutal tactics like crackdowns, curfews, illegal detentions, massacre, targeted killings, sieges, burning the houses, torture, disappearances, rape, breaking the legs, molestation of Muslim women and killing of persons through fake encounter.

According to a report on human rights violations in the Indian Occupied Kashmir, since 1989, there have been deaths of 1,00000 innocent Kashmiris, 7,023 custodial killings, 1,22,771 arrests, 1,05,996 destruction of houses or buildings, 22,776 women widowed, 1,07,466 children orphaned and 10,086 women gang-raped/molested. Indian brutal securities forces have continue these atrocities.

In fact, Indian forces have employed various draconian laws like the Jammu and Kashmir Disturbed Areas Act, and the Armed Forces (Jammu and Kashmir) Special Powers Act and Public Safety Act in killing the Kashmiri people, and for the arbitrarily arrest of any individual for an indefinite period.

Besides Human Rights Watch, in its various reports, Amnesty International has also pointed out grave human rights violations in the Indian controlled Kashmir, indicating, "The Muslim majority population in the Kashmir Valley suffers from the repressive tactics of the security forces."

In its report on July 2, 2015, the Amnesty International has highlighted extrajudicial killings of the innocent persons at the hands of Indian security forces in the Indian Held Kashmir. The report points out, "Tens of thousands of security forces are deployed in Indian-administered Kashmir…the Armed Forces Special Powers Act allows troops to shoot to kill suspected militants or arrest them without a warrant…not a single member of the armed forces has been tried in a civilian court for violating human rights in Kashmir…this lack of accountability has in turn facilitated other serious abuses…India has martyred one 100,000 people. More than 8,000 disappeared (while) in the custody of army and state police."

In this respect, European Union has passed a resolution about human rights abuses committed by Indian forces in the Indian held Kashmir.

It is of particular attention that in 2008, a rights group reported unmarked graves in 55 villages across the northern regions of the Indian-held Kashmir. Then researchers and other groups reported finding thousands of mass graves without markers. In this respect, in August, 2011, Indian Jammu and Kashmir State Human Rights Commission officially acknowledged in its report that innocent civilians killed in the two-decade conflict have been buried in unmarked graves.

And foreign sources and human rights organisations have revealed that unnamed graves include those innocent persons, killed by the Indian military and paramilitary troops in the fake encounters including those who were tortured to death by the Indian secret agency RAW.

Indian authorities are not willing to talk with Kashmiri people on political grounds. New Delhi reached to a conclusion that only bullet is the right way of dealing with Kashmiris, demanding their right of self-determination. Surprisingly, Indian successive governments are trying to ignore the dynamics of the freedom movement of Kashmiris for the sake of their alien rule.

But, New Delhi is still showing its intransigence in order to resolve Kashmir dispute with Pakistan by neglecting the fact that Kashmir remains a nuclear flashpoint between both the neighbouring countries.

In this context, Egbert Jahn in his book, "Kashmir: Flashpoint for a Nuclear War or Even a Third World War?" has pointed out, "The Kashmir conflict is embedded in the wider conflict over the incomplete creation of nations and states on the Indian subcontinent, which during the east-west conflict even threatened at times to escalate into a nuclear world war between Pakistan and the USA on the one side and India and the USSR on the other. Until now, there have been three wars between India and Pakistan over the Jammu and Kashmir: in 1947–49, 1965 and 1999…finally, the Indo-Chinese border war of 1962…after these wars…and could unexpectedly again lead to a regional and under certain circumstances…even a major nuclear war or a Third World War."

Meanwhile, like the previous year, Pakistan's recent serious and sincere effort at the annual session of the United Nations—the recent speech of Pakistan's prime minister and his meeting with the American president, highlighting the Kashmir dispute and demanding its solution has infused a new spirit among the Kashmiri people.

Kashmir dispute cannot be seen in isolation it is part of New Delhi's other developments against Pakistan and the Muslims. In this respect, as part of anti-Muslim and anti-Pakistan approach, leader of the BJP and Prime Minister of India Narendra Modi is giving impetus to Hindu chauvinism which has resulted into a number of assaults on the Muslims and Pakistanis inside India. Under his rule, Indian security forces have also accelerated unprovoked firing at the Line of Control in Kashmir including Working Boundary.

Besides, in connivance with New Delhi, Bangladesh government and Awami League have launched a massive media campaign in order to spread venom against Pakistan and its armed forces and against all those Bangladeshi nationals who were loyal to the state during 1971 crisis.

In this regard, while addressing a ceremony during his Bangladesh tour, Indian Prime Minister Narendra Modi openly stated on June 7, 2015 that Indian forces helped Mukti Bahini (Militants) to turn East Pakistan into Bangladesh. He elaborated that former prime minister Atal Bihari Vajpayee had played an active role in separating Bangladesh from Pakistan, and he had also come to Delhi in 1971 to participate in the Satyagraha Movement, launched by Jana Sangh as a volunteer to garner support for the Mukti Bahini members.

It is noteworthy that since Prime Minister of Bangladesh and leader of the ruling party, Awami League, Sheikh Hasina Wajid came into power, India has been employing various tactics to entrap Bangladesh by exploiting her pro-Indian tilt to fulfill its strategic interests. In this context, Prime Minister Hasina Wajid has continuously been pursuing Indian directions by conducting anti-Pakistan campaign. Therefore, after passing of 42 years to the events of 1971, which resulted into the separation of East Pakistan, Abdul Qadir, the leader of Jamaat-e-Islami (JI) was hanged because of his loyalty to Pakistan.

However, Bangladesh's ruling party, under Sheikh Hasina Wajid maintains an anti-Pakistan posture with sinister designs of expressing animosity, antagonism and unrestrained emotional flare-up. The aim is to exploit feelings of masses by keeping the "hate Pakistan" agenda alive. This enables Awami League and Hasina Wajid to remain significant in Bangladesh's power politics despite their failure to deliver good governance to the People. It also helps them to appease their mentors in India. Using abusive language against Pakistan and its armed forces makes Hasina Wajid relevant in Indian politics, while she herself prefers those entities which derive sadistic pleasure by depicting Pakistan in bad light.

By neglecting Islamabad's positive approach, Bangladesh government has continued its anti-Pakistan approach to please India. It could be judged from the statement of Prime Minister Hasina Wajid who has vocally said, "Bangladesh has no room for the people loving Pakistan."

Nevertheless Prime Minister Sheikh Hasina has been following pro-Indian policies. In this respect, on the secret insistence of India, unlike the past years, a ceremony was held in Dhaka on March 24, 2013, with full pump and show to honour 'Foreign Friends of Bangladesh Award,' in relation to the separation of East Pakistan. For this aim, several foreign friends who included various institutions and media anchors from various countries, particularly India were invited. The main purpose behind was to distort the image of Pakistan regarding alleged atrocities, committed against the Bengalis. Notably, in December, 2012, Prime Minister Hasina had refused to attend D-8 conference in Islamabad unless Pakistan tendered apology for the alleged genocide of Bengalis.

While, a famous Bengali journalist Sarmila Bose authored a book, "Dead Reckoning: Memories of the 1971 Bangladesh War" after thorough investigation. Her book was published in 2011. While countering exaggerations of the Indian and Bengali Journalists, Bose argues that the number of Bengalis killed in 1971 was not three million, but around 50,000, while Bengalis were equally involved in the bloodshed of Punjabis, Biharis, Pashtoons and Balochis.

Sheikh Mujibur Rahman was already in connivance with India for separation of East Pakistan. Therefore, when East Pakistan was occupied by Indian Army in 1971, he stated with pleasure that his 24 years old dream of an independent Bangladesh had been fulfilled. While commenting upon 1971 tragedy, Indra Gandhi clearly divulged Indian hegemonic designs by saying "Today we have sunken Two Nation Theory in bay of Bengal."

Majib had earlier developed his contacts with Indian rulers and training camps of Mukti Bahini, established by Indian army and RAW which also funded Mujibur Rehman's general elections in 1970.

Undoubtedly, various anti-Pakistan developments such as Modi's open confession regarding Indian support to militants of Mukti Bahini, his arrival in Dhaka to receive award of Atal Bihari Vajpai, presentation of 'Surrender Ceremony' photograph by Bangladeshi leader to Modi, ruthless death sentences to Jamat-e-Islami Pro-Pakistan leaders under highly doubtful and objectionable trials etc. show that Indo-Bangladesh media nexus backed by RAW has become more active for last 4/5 years to create mistrust among people of Bangladesh against Pakistan.

Moreover, Indian cross-border terrorism in Pakistan, her support to Tehreek-e-Taliban Pakistan (TTP) which is responsible for terror-acts in Pakistan—also involved in the massacre of innocent children at Army Public School, Peshawar might be noted as instance of anti-Pakistan

Nonetheless, it is due to lack of action on the part the US-led big powers that India's human rights violations continue unabated in the Occupied Kashmir.

***By : Shaukat***

# एनआरएनएद्वारा औषधि हस्तान्तरण

काठमाडौं । गैरआवासीय नेपाली संघ (एनआरएन) ले नाकाबन्दीका कारण नेपालका अस्पतालमा अत्यावश्यक औषधि अभाव भएपछि सरकारलाई करिब १ करोड २५ लाख रूपैयाँबराबरका जीवनरक्षक औषधि सहयोग गरेको छ । स्वास्थ्य सेवा विभाग टेकुमा शुक्रबार आयोजित कार्यक्रममा संघ अध्यक्ष शेष घलेले स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री मक्सुद आलमलाई औषधि हस्तान्तरण गरेका हुन् ।

संघले पहिलो चरणमा गत मंसिर ८ मा ३८ लाख मूल्यबराबरको औषधि हस्तान्तरण गरेको थियो । त्यसैगरी, जनकपुर, वीरगन्ज र बुटबलका क्षेत्रीय अस्पताललाई २५ लाख ७४ हजार रूपैयाँको औषधि हस्तान्तरण गरिएको एनआरएनले जनाएको छ । मन्त्रालयसँगको सहमति र नेपाली सेनाको सहयोगमा संघले तीनवटै अस्पताललाई सम्बन्धित स्थानमै पुगेर औषधि हस्तान्तरण गरेको थियो ।

यसैगरी, संघले ५० लाख १८ हजार रूपैयाँबराबरको औषधि सरकारलाई हस्तान्तरण गरेको छ । संघले खरिद गरेको करिब १२ लाख रूपैयाँबराबरको औषधि बंगलादेशबाट आगामी साता काठमाडौं आइपुग्नेछ । सबै चरणमा गरी संघले सरकारलाई कुल १ करोड २५ लाख रूपैयाँको औषधि हस्तान्तरण गरेको संघ अध्यक्ष घलेले जानकारी दिए । 'नेपालीका लागि नेपाली' मूल मन्त्रलाई आत्मसाथ गर्दै मातृभूमिलाई परेको विपत्का वेला साथ दिने हाम्रो कोसिस हो,' संघका अध्यक्ष घलेले भने, 'यस्तो विपत्मा हामी हिजो पनि चुप लागेर बसेनौं, आज पनि बसेनौं र भोलीका दिनमा आइपर्ने कुनै पनि अप्ठ्यारा परिस्थितिमा संसारभरका गैरआवासीय नेपाली नेपालीको साथमा रहनेछन् ।'

# साफेबगरमा मेगा बैंकको शाखा

काठमाडौं/ मेगा बैंक नेपालले अछामको साफेबगरमा शाखा विस्तार गरी कारोबार सुरू गरेको छ । साफेबगरसहित बैंकका शाखा सञ्जाल २९ पुगेका छन् । दुर्गम जिल्लाका विपन्न जनतालाई सहज बैंकिङ सेवा उपलब्ध गराउने उद्देश्यले बैंकले सक्षम परियोजनासँगको सहकार्यमा साफेबगरमा शाखा विस्तार गरेको हो ।

मेघा बैंक साफेबगरमा निजी क्षेत्रबाट शाखा खोल्ने पहिलो वित्तीय संस्था बनेको छ । शाखा उद्घाटन राष्ट्र बैंकका डेपुटी गभर्नर महाप्रसाद अधिकारीले गरेका थिए । सक्षम एक्सिस टु फाइनान्स कार्यक्रमका टिम लिडर बलजित बोहराले मेगा बैंकसँगको साझेदारीमा नेपालका ग्रामीण क्षेत्रमा शाखा विस्तार तथा शाखारहित ट्याब बैंकिङ सुविधा विस्तार गरिएपछि ग्रामीण क्षेत्रका स्थानीयले सहज सुविधा पाउने बताए ।

बैंकका डेपुटी सिइओ श्रीचन्द्र भट्टले सबै नेपालीलाई बैंकिङ सेवा प्रदान गर्ने उद्देश्यअनुसार सक्षम परियोजनासँगको साझेदारीमा बैंकले सुदूरपश्चिमका दुर्गम जिल्लामा पनि शाखा तथा शाखारहित सेवा विस्तार गर्न लागेको कार्यक्रममा जानकारी दिएका थिए ।

# आन्दोलनको शुद्धता बचाउन आवश्यक

*उपेन्द्र झा*

नयाँ शक्तिको उदय हुन लागेको छ रे । महिषासुरबाट देउताहरू खेदिएपछि नयाँ शक्ति (दुर्गा) को आवश्यकता महसूस भए जस्तै नेपालमा पनि तीनै शक्तिले (नेपाली काँग्रेस, एमाले र एमाओवादी) नेपाली राजनीतिलाई गोल चक्करमा निष्कर्षविहिन बनाएपछि हराएको जन विश्वास प्राप्त गर्न खस शासकवर्गले नयाँ शक्तिको जन्म दिन खोजेको हो । बाबुराम भट्टराईको अगुवाईमा बनाउन लागिएको नयाँ पार्टी मधेशलाई नै केन्द्र बनाउन खोजिएको छ । मधेशमा तीनै पार्टीको विश्वास हराएपछि आन्दोलनको तीव्रता बढ्दै जानु खस शासकवर्गको अर्को टाउको दुःखाई शुरु भएको छ ।

अधिकार खोज्ने नेपाली जनता यथास्थितिको जालोबाट निस्कन खोज्दा खस शासकवर्गले त्यो जनतालाई आफनो कब्जाबाट उम्कन नदिई नयाँ शक्तिको निर्माण गरि त्यही शक्तिमा अटाएर राख्ने खस राजनीतिको पुरानो परम्परा हो । यसै क्रममा यहाँ नेपाली काँग्रेस, एमाले, एमाओवादी लगायत विभिन्न खस पार्टीको जन्म भएको हो । जन अधिकार बहाल गर्न कुनै पनि दर्शन यहाँ सक्षम छैन । यसलाई खसवर्गीय हितमा प्रयोग गरिएको छ । नेपाली राज्यसत्तालाई जनप्रिय बनाउन पुरानो संरचना भत्काएर नयाँ संरचनामा ल्याउने एमाओवादीले उठाएको विशाल जनयुद्ध के काम लाग्यो । अन्तमा एमाओवादी पनि खसवर्गमा मिसिन पुग्यो । खस चरित्रलाई चिन्न यो पछिल्लो प्रमाण यथेष्ठ छैन ?

मधेश र खस शासकवर्गबीच चरम अन्तर्विरोध छ । विगतको समयमा यो सुसुप्त अवस्थामा थियो भने प्रजातन्त्रकालमा यसलाई प्रखर बनाईएको छ । प्रजातन्त्र वा लोकतन्त्रकालमा किन यो अन्तर्विरोध बढेर गएको हो ? यहाँको लोकतन्त्र किन यति संकीर्ण भयो ? लोकतन्त्र खस शासकवर्गको घेराभन्दा किन बाहिर आउन सकेन ? यी र यस्ता प्रशस्त प्रश्नहरु अनुत्तरित बनेका छन् । फलतः दुई समुदायबीच जीवन मरणको लडाई शुरु भई सकेपछि एउटा नसिद्धिञ्जेल अर्कोको अस्तित्व नदेखिने अवस्थामा मधेश रहेकोले यसलाई फेरि आफनो कब्जामा लिन बाबुराम जस्ता पात्रलाई अगाडि सारिएको हो ।

मधेश आन्दोलन सय दिन पूरा गरि सकेको छ । मधेशप्रति अनुदार रहेको केपी ओलीको सरकारले यसलाई सम्बोधन गर्न कुनै चासो देखाएको छैन । विभिन्न पार्टीहरुमा मतभिन्नता रहेपनि अहिले मधेश आन्दोलनप्रति सबैको मतैक्य देखिएको छ । यसलाई सम्बोधन गर्नुको सट्टा यो आन्दोलनलाई सेना लगाएर समाप्त गर्नु पर्दछ भन्ने सबैको सोच एकमतले अगाडि बढेको छ । बलिदानी आन्दोलन चलाई रहेको मधेशले आफनो माँग सम्बोधन नहुञ्जेल अगाडि बढि रहने बाध्यताले झन् मधेशी जनतामा उर्जा थप्दै गएको हो । खस शासकवर्गको भेदभावको स्वरुपलाई हेरि मधेशमा घृणा र तृष्णा पर्याप्त बढेको अनुभव गर्न सकिन्छ । हुनु पनि पर्दछ । सभ्य बन्दै गएको मानव समाजमा अहिले पनि मधेशलाई दास, गुलाम जस्तै व्यवहार गर्ने खस शासकको बर्बर चरित्र रुपान्तरित होला भन्नु मूर्खता नै हुनेछ । अधिकार बहालीको आन्दोलनलाई विभिन्न तिकडमबाट तह लगाउन कुशल शासकहरु अहिले पनि सोही मानसिकताबाट ग्रसित छन् । सम्झौतामा टुंगिएको आन्दोलनबाट खस शासकवर्गलाई केही असर नपर्ने विगतका घटनाहरु प्रमाणका रुपमा हाम्रो सामू छँदैछ ।

मधेशीलाई भारतीय बुझ्ने खस शासकवर्ग (निरंकूश, अनुदार र उदार) को परम्परागत सोचमाथि मधेशको संघीयताको माँगले कुठाराघात हुन गएकोबाट यो वर्ग निरंकूश बन्न पुगेको हो । आज हरेक चरित्रका खसवर्ग मधेशको माँगलाई सम्बोधन नगरि आन्दोलनलाई सिध्याउन अनेक षडयन्त्रको निर्माणमा लागेका छन् । आफनो माँगप्रति सरकारको ध्यान आकर्षित गर्न बाध्यतावश चलाईएका नाकाबन्दी कार्यक्रमको विरुद्ध भिडन्त गरेर भएपनि आपूर्ति गराई राख्ने सरकार प्रयत्नशील छ, तर मधेशको माँगलाई सम्बोधन गर्न तयार छैन । नाटकीय वार्ता भने छोडेको छैन ।

चीनको प्रभावमा संविधान निर्माण गर्दा भारतको हस्तक्षेप नमानी नेपालले संविधान निर्माण गरि आफनो स्वाभिमानको रक्षा गरेको भन्नु कतिको उचित ठहरिन्छ ? तर त्यस कुरालाई विभिन्न पार्टीका अध्यक्षहरु सबैले एकमुष्ट समर्थन गरेका छन् । अर्थात् अहिले अन्धराष्ट्रवादको कब्जामा रहेको नेपालको राजनीतिले धरातलीय यथार्थलाई नजर अन्दाज गरि हिंडेको छ । नेपाली राजनीतिमा ०५८ सालपछि फेरि सिर उठाएको उग्र राष्ट्रवाद र यसलाई मलजल गर्ने चीनले दक्षिण एशियामा महाशक्ति देशहरुको सन्तुलित व्यवहारलाई खल्बल्याई दिएको छ । यथास्थान बसेका शक्तिदेशहरु अब अग्राधिकार खोज्न जुर्मुराएका छन् । एक अर्कालाई पछार्ने दावमा लागि नेपाललाई समरक्षेत्र बनाउन लागेका छन् । उग्रराष्ट्रवादको सोचको संकीर्णताका कारण देश द्वन्द्वमा गएको कुरासंग सरकारको कुनै चासो छैन । आफनो विजय उन्मादमा रमाएका उग्रराष्ट्रवादले नेपालमा चीन, अमेरिकाको उपस्थितिलाई स्वीकार्न तयार छन् भने भारतको प्रभावलाई रत्तिभर पनि बर्दास्त गर्न तयार छैन । त्यसकारण पनि मधेशलेगरेको नाकाबन्दीलाई सेना लगाएर खुलाउने सरकारलाई सबैले सुझाव दिएका छन् । भारतसंग सम्बन्ध सुधार्ने प्रयास गर्नुको सट्टा भिडन्तमै जाने सोचले नेपालको कति भलो हुने राजनीतिक विश्लेषकहरुले आकलन गरेकै हुनु पर्दछ । नेपाललाई भारत विरुद्ध उक्साई रहको चीनले राखेको आफनो स्वार्थ पूरा हुन सक्ला ? के हिमाल पारिले नेपालमा चिरस्थायी आफनो प्रभूत्व राख्न सक्ला ? असम्भव कुराको कल्पना चीनले मात्र गर्न सक्दछ ।

हरेक स्वतन्त्रता एउटा परिधी सीमाभित्र कैद रहन्छ । नेपालको स्वतन्त्रता पनि भारतको प्रभावभित्र कैद छ । यो कटु सत्य हो र हाम्रो नियति पनि । जिभ्रोलाई कुनैतिरको दाँतबाट किचिने सम्भावना रहन्छ । उसको सन्तुलित व्यवहारले उसलाई सुरक्षा प्रदान गरेको छ । हाम्रो पनि यही अवस्था छ । अन्धराष्ट्रवादलाई यो सत्यलाई स्वीकार गर्न गाह्रो पर्ला, तर आफनो स्वतन्त्रताको सुरक्षाका लागि यो संजीवनी नै हो । नाकाबन्दीका कारण अभावमा आक्रान्त बनेको नेपाली जनजीवनलाई राहत दिन नसकेको सरकारले मधेश र भारतप्रति भिडन्तको सोच मात्र राख्ने कारणले देशले क्षति मात्र व्योहोर्ने अवस्था आएको छ । कारणलाई सम्बोधन नगरि कारकलाई सिध्याउने सोच निश्चय पनि विपरित बुद्धिको उपज हो ।

आन्दोलन मधेशको बाध्यात्मक अवस्था हो । देशमा विद्यमान अनुदार सरकारले भिडन्तको सोच राख्नुबाहेक समस्या समाधान गर्ने कुनै चासो राखेको छैन । यसको हठ र मदान्धताले यसलाई दिग्भ्रमित गरेको छ । क्षति निम्त्याउनुभन्दा समाधानको वैकल्पिक बाटो खोज्नु पर्दछ ।

लगातार चलि रहेको मधेश आन्दोलनले सयदिन पूरा गरेपछि सरकारसंग वार्ता हुन नसकेको अवस्था, मधेश र पहाडको जनतामा दैनिक उपभोग्य बस्तुको चरम अभावले पारस्परिक द्वेषभाव जन्मि रहेको भावना, देशलाई मधेशले नै अस्त व्यस्त पारेको सरकारले सन्देश दिन खोजेको मनसाय, सरकारलाई सेना परिचालन गर्न परेको दबाव तथा अन्तमा नयाँ शक्तिको कब्जामा मधेशलाई पार्नु आदि मधेश आन्दोलनको विरुद्धमा रहेका प्रयासहरु हुन् । मधेश दिनहुँ शहादत दिंदै आन्दोलनलाई उर्जावान् बनाउँदै अगाडि बढेको छ । मधेश आन्दोलनलाई तोड्ने, मोड्ने, सिथील पारेर समाप्त गर्ने राज्यको चालप्रति चनाखो रह्नु उतिकै जरुरी छ । मधेश आन्दोलन निर्णायक बनि सकेको छ । यसले पाएको उँचाई निश्चय पनि परिणामबोधक हुने कुरामा शंका छैन । अन्तर्राष्ट्रिय वातावरण पनि यसको पक्षमा बन्दै गएको छ । सरकारभन्दा भारि अवस्थामा रहेको मधेश आन्दोलनलाई राज्यपक्षबाट हुने प्रहारको पनि उतिकै खतरा छ । आन्दोलन संचालन गर्ने राजनीतिक अगुवाहरुको रणकौशलको अग्निपरीक्षाको घडी पनि हो । पारस्परिक वैरभावले मधेशलाई टुक्रा टुक्रा बनाएको विगतका घटनाहरुबाट शिक्षा लिंदै धैर्य र साहसका साथ अगाडि बढ्नु पर्दछ । मधेशले आफनो अधिकार निश्चय पनि प्राप्त गर्नेमा अब किञ्चित शंका छैन ।

मधेशसंग राजनीतिक सम्बन्ध बनाएर खस शासकहरुले आफनो नेतृत्वमा शदियौं मधेशको दोहन र शोषण गरेको छ । शासकवर्गको विगतका मधेश विरोधी क्रियाकलापबाट उसको नेतृत्वबाट मधेश मुक्त भएको अवस्था उसको लागि सहि नसक्नु भएको छ । मधेशलाईआफनै नेतृत्वमा राख्ने शासकवर्गको नियत नयाँ ढंगले अगाडि बढेको छ । बगुला भगत बनेर बाबुराम भट्टराई आन्दोलन गरि रहेका शीर्ष राजनीतिक दलहरुका अगुवाहरुलाई लिएर देशमा नयाँ शक्तिको उदय गराउन लागेको अहिले बढि चर्चा छ । खसवर्गीय राजनीतिक दलहरुको जन अधिकार बहाल गर्ने, देशलाई साझा बनाएर उन्नति, प्रगति गरेर आत्मनिर्भर बनाउँने आदि केही एजेण्डा छैन । नेपाली पौराणिक राज्यसत्तालाई अक्षुण्ण राख्ने, पालैपालो सत्तासीन हुने, सामूहिक रुपमा भ्रष्टाचार गर्ने तथा यथास्थितिमा बस्ने खसवर्गीय पार्टीको यही चिरस्थाई एजेण्डा हो । माओवादी राज्यसत्तालाई हल्लाएर जन विश्वास जितेको थियो । सत्ता आरोहणसंगै उसको सारा एजेण्डा विलीन भयो । योभन्दा खसवर्गीय पार्टीको अर्को उदाहरण के हुन सक्दछ ?

मधेशमा विविधता छ भने विविध विचार पनि छ । मधेशको नाममा सबै विचार अहिले बडो मुश्किलले एकाकार भई मधेश आन्दोलन खडा भएको छ । सर्वमान्य निर्णयको आधारमा यसलाई गन्तव्यमा लैजाने सबैको दायित्व हो । खसवर्गीय षडयन्त्रका किसिमहरु बुझि नसक्नु छ । बडो तीक्ष्ण दृष्टिका साथ घुसपैठलाई अवलोकन गरि आन्दोलनको शुद्धता बचाउन आवश्यक छ । उग्रराष्ट्रवादको अहंकार यसपाली संसारले देख्ने छ । कहिले प्रजातन्त्रको नाममा त कहिले कम्युनिष्टको नाममा नेपाली राज्यसत्तालाई बचाउँदै आयो । मक्किएको राज्यसत्तालाई अहिले अन्धराष्ट्रवादबाट बचाउन खोज्दा साम्प्रदायिकता फैलिने कुराबाट बिल्कुल अनभिज्ञ खस शासकहरु अहिले घोर संकटमा फँसेको छ । उसको अहिले प्रदर्शन गरिने चरित्र नै उसको विनाशको कारण बन्न सक्नेमा दुईमत छैन ।

*(मधेश दर्पण फिचर सेवा)*



# बैंकिङ सेवा नहुँदा भारतीय बैंकको भर

वीरगन्ज । औद्योगिक तथा व्यापारिक केन्द्र वीरगन्ज बैंक तथा वित्तीय संस्थाको प्रमुख आकर्षण थलो भए पनि जिल्लाका सीमावर्ती ग्रामीण क्षेत्रमा बैकिङ सेवा नहुँदा स्थानीय भारतीय बैंकमा कारोबार गर्न बाध्य छन् । मोफसलका ठूला सहरमा बैंक स्थापना भए पनि ग्रामीण क्षेत्रमा सञ्चालन नहुँदा सीमावर्ती स्थानीय भारतीय बैंकमा भर पर्ने अवस्था आएको हो ।

नेपालको सीमावर्ती ग्रामीण क्षेत्रमा बैकिङ सेवा अभाव रहेको जनताको गुनासो छ । बैंक तथा वित्तीय संस्थाको अभावमा स्थानीयले दैनिक लाखौं रूपैयाँ निक्षेप भारतीय बैंकमा जम्मा गर्न थालेका छन् ।

मुलुकमा स्थापित प्रायः सबै बैंकले वीरगन्जमा आ-आफ्नो शाखा खोलेर व्यापारिक कारोबार सुरू गरेका छन् । वीरगन्जमा मात्र २ दर्जनभन्दा बढी बैंक तथा वित्तीय संस्था सञ्चालनमा छन् ।

ती बैंक तथा वित्तीय संस्थाले दैनिक नगद कारोबार बाहेक ई- बैंकिङ, एसएमएस बैंकिङ, सन्ध्याकालीन काउन्टर, निक्षेप संकलन, कर्जा लगानी, वैदेशिक रोजगार लगानी र एटिएम कार्डलगायत सुविधा प्रदान गर्दै आएका छन् ।

जिल्लाको ग्रामीण क्षेत्रमा कुनै पनि बैंकको शाखा सञ्चालनमा नरहेकाले उनीहरु बैकिङ सेवाको पहुँचबाट टाढा छन् । सीमवर्ती क्षेत्रमा बैंक नहुँदा युवाले विदेशबाट पठाएको रकम र किसानले बचत गरेको रकम भारतीय बैंकमा राख्न बाध्य भएको स्थानीयको गुनासो छ ।

नेपालको सीमावर्ती क्षेत्रमा बैंकको पहुँच नहुनु, सदरमुकाम आउन यातायात अभाव हुनु र समय बढी लाग्ने भएकाले उनीहरु नजिककै भारतीय बजारमा रहेका बैंकमा कारोबार गर्न बाध्य भएका हुन् ।

सीमावर्ती ग्रामीण भेगका बासिन्दा पैसा बोकेर सदरमुकाम आउँदा असुरक्षित हुने तथा कम समय र लागतमा सुरक्षित तरिकाले भारतीय बजारमा पुग्न सकिने भएकाले उनीहरु भारतीय बैंकमा निक्षेप जम्मा गर्न थालेको पर्सा निर्मलवस्ती गाविसका पूर्वअध्यक्ष लालबहादुर श्रेष्ठले बताए ।

ग्रामीण जनतालाई छिटो, र आफ्नै गाउँघर नजिकमा बैकिङ सेवा र सुविधा पुऱ्याउने उद्देश्यले वीरगन्जबाहेक पोखरिया, भिस्वा, लंगडी, जानकिटोला र सेढवालगायत जिल्लाका विभिन्न बजारमा बैंक स्थापना भए पनि द्वन्द्वकालमा असुरक्षाका कारण देखाउँदै नेपालको सीमावर्ती ग्रामीण क्षेत्रबाट ती बैंक सदरमुकाम वीरगन्जमा केन्द्रित हुन पुगेका थिए ।

कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंकले सीमावर्ती ग्रामीण क्षेत्रमा सेवा पुऱ्याउँदै आइरहेका थिए ।

द्वन्द्व सकिए पनि ग्रामीण क्षेत्रबाट विस्थापित बैंक हालसम्म पुनःस्थापना हुन नसक्दा सीमाक्षेत्रको ठूलो पुँजी भारतीय बैंकमा पुगिरहेको गुनासो स्थानीयको छ ।

'ग्रामीण क्षेत्रका नागरिक बैंकिङ सेवाबाट वञ्चित हुनुपर्दा असाध्यै मर्कामा छन्,' ठोरी गाविसका राजेश श्रेष्ठले भने, 'ग्रामीण क्षेत्रमा बैंक नहुँदा यस क्षेत्रका सर्वसाधारण भारतीय बैंकमाथि निर्भर हुनुपरेको हो ।'

सरकारले सामाजिक सुरक्षा भत्ता बैंकिङ सेवामार्फत उपलब्ध गराउने घोषणा गरे पनि बैंक अभावमा कार्यान्वयन हुन नसकेको उनको भनाइ छ ।

विगतमा पोखरिया, भिस्वा, लंगडी, निचुटा र देउरवानालगायत थुप्रै गाउँमा सञ्चालनमा रहेका वाणिज्य बैंक, कृषि विकास बैंक र नेपाल बैंकका शाखा अहिले पनि ती स्थानको नाममै सदरमुकाम वीरगन्जमै सञ्चालन भइरहेका छन् ।

बैंक शाखा गाउँमै पुनर्स्थापना भइदिंदा पनि ग्रामीण भेगका नागरिक बैंकिङ सेवाबाट लाभान्वित हुने स्थानीयको भनाइ छ । ग्रामीण क्षेत्रमा बैंक शाखा पुनर्स्थापित भए ठूलो रकम भारतीय बैंकमा जानबाट रोकिने र ग्रामीण जनताले पनि बैकिङ सेवा प्राप्त गर्न सक्ने स्थानीय बुद्धिजीवी अनिलकुमार वर्णवाल बताउँछन् ।

कृषि विकास बैंक बैकिङ कार्यालय वीरगन्जले पोखरियामा आफ्नो शाखा पुनर्स्थापना गर्ने जनाएको छ । 'बैंक तथा वित्तीय क्षेत्रले लगानीका लागि सुविधाका क्षेत्र मात्र नखोजी केही जोखिम र चुनौतीपूर्ण क्षेत्र भए पनि राष्ट्रको दिगो आर्थिक विकासका लागि उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गर्न ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्नुपर्दछ,' उद्योगपति गणेश लाठले भने ।


## नेपालको संविधानमा मधेशीको अधिकार

**नेपालको संविधानमा मधेशीको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।**

- सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका मधेशी लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीसमुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणगर्ने हक हुने ।
- सामाजिक रूपले पछाडि परेका मधेशी समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमासहभागी हुन पाउन सामाजिक न्यायको हक हुने ।
- समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- मधेशीलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- संवैधानिक निकायको रुपमा नेपालमा एक मधेशी आयोग रहने ।
- नेपाली सेनामा मधेशी समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग


## vnsb

# रियलको कीर्तिमानी जित

म्याड्रिड । क्रिस्टियानो रोनाल्डोको चार गोलको सहयोगमा रियल म्याड्रिडले मंगलबार राति च्याम्पियन्स लिग फुटबल प्रतियोगिता माल्मोमाथि ८-० को सानदार जित निकालेको छ । रियलले हात पारेको जित अन्तर च्याम्पियन्स लिगकै फराकिलो हो । सन् २००८ मा लिभरपुलले वेसिकाट्सलाई ८-० ले हराएको थियो ।

रियलका लागि फ्रेन्च स्ट्राइकर करिम बेन्जमाले पनि ह्याट्रिक गरेका थिए । जितसँगै रियल समूह एबाट सर्वाधिक १६ अंक बटुल्दै नकआउट चरणमा पुगेको छ । सोही समूहमा पेरिस सेन्ट जर्मनले साख्तर



डोन्सक्लाई २-० ले हरायो । पेरिस सेन्ट १३ अंकका साथ उपविजेता बनेको छ । समूह चरणमा ६ खेलबाट ११ गोल गर्ने रोनाल्डो एक्लो फुटबलर बनेका छन् ।

माल्मोमाथि गोलको वर्षा गरेको रियलका लागि पहिलो गोल बेन्जमाले गरेका थिए । उनले खेलको १२औं मिनेटमा रोनाल्डोकै क्रसमा टोलीलाई १-० को अग्रता दिलाए । रोनाल्डोले खेलको ३९औं मिनेटमा उत्कृष्ट फ्रिकिक गोल गर्दै टोलीलाई ३-० को स्थितिमा पुऱ्याए । खेलको ५०औं मिनेटमा रोनाल्डोले ह्याट्रिक पूरा गर्दा रियल ५-० ले अघि रहयो । उनले खेलको ५८औं मिनेटमा व्यक्तिगत चौथो गोल गरे ।

खेलको ७४औं मिनेटमा बेन्जमा च्याम्पियन्स लिगमा आफ्नो पहिलो ह्याट्रिक पूरा गर्न सफल भए । समूह एबाट साख्तर र माल्मो बाहिरिएका छन् । दुवै क्लबले ६ खेलबाट समान तीन अंक बटुले । पिएसजीले साख्तरलाई २-० ले हराउँदा लुकास माउराले ५७औं मिनेट तथा इब्राहिमोभिकले ८६औं मिनेटमा गोल गरेका थिए ।

यसैगरी पूर्वविजेता म्यानचेस्टर युनाइटेड च्याम्पियन्स लिगको समूह चरणबाटै बाहिरिएको छ । जर्मन क्लब वल्सवर्गसँग ३-२ को नतिजामा पराजित भएपछि युनाइटेड समूह बीबाट बाहिरिएको हो । वल्फवर्ग १२ अंकका साथ समूह विजेता बनेको छ । इन्धोभेन १० अंकका साथ उपविजेता बन्यो । युनाइटेडले नकआउट चरण स्थान पक्का गर्न वल्सवर्गलाई हराउनुपर्ने थियो । तर, प्रशिक्षक लुइस भान गालले जर्मन क्लबविरूद्ध प्रयोग गरेका सबै रणनीति असफल भए ।

यसैगरी इंग्लिस क्लब म्यानचेस्टर सिटी समूह डीको समूह विजेताका रूपमा नकआउट चरणमा पुगेको छ । सिटीले ग्लावाचलाई ४-२ ले हराउँदै समूह विजेताका रूपमा अन्तिम १६ को स्थान पक्का गरेको हो । घरेलु मैदानमा सिटीका लागि स्टर्लिङले दुई गोल गरेका थिए । सिल्भा र बोनीले एक-एक गोल गर्न सफल भए । ग्लाबाचका लागि कार्वो र राफेलले गोल फर्काए ।

# आइपिएलमा पुने र राजकोट

नयाँदिल्ली । नवौं इन्डियन प्रिमियर लिग (आइपिएल) मा राजकोट र पुने नयाँ क्लबका रूपमा रहने भएका छन् । आइपिएलका प्रमुख राजीव शुक्लाले मंगलबार राजकोट र पुनेले चेन्नई र राजस्थानको स्थान लिने जानकारी दिए । नवौं संस्करणको आइपिएल ९ अप्रिलदेखि २९ मेसम्म हुनेछ । नयाँदिल्लीको अदालतले म्याच फिक्सिङ काण्डमा संलग्न रहेको जनाउँदै चेन्नई र राजस्थानलाई दुई वर्ष प्रतिबन्ध गरेको छ ।

कोलकाताका उद्योगपति सञ्जीव गोयन्काले पुने क्लब किनेका छन् । यसैगरी, राजकोटलाई इन्टेक्स मोबाइलले लिएको शुक्लाले जनाए । पुने र राजकोटले १५ डिसेम्बरसम्म खेलाडी नाम आइपिएलमा पठाइसक्नुपर्ने शुक्लाले बताए । 'यसपटक राजकोट र पुने आइपिएलका नयाँ क्लब हुन्, दुवै क्लबले १५ डिसेम्बरभित्र खेलाडीको नाम पठाउनुपर्छ,' उनले भने । भारतीय समाचार एजेन्सीका अनुसार पुने र राजकोटले चेन्नई र राजस्थानकै खेलाडी किन्नेछन् ।

भारतले फेब्रुअरीमै आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिता आयोजना गर्दै छ । टी-२० विश्वकप सकेको ६ दिनपछि नै आइपिएल सुरु हुने शुक्लाले जनाए । प्रतियोगिताको साविक विजेता मुम्बई इन्डियन्सले उद्घाटन र फाइनल खेल आयोजना गर्नेछ ।

# पदक विजेता सम्मानित

नेपाल तेक्वान्दो संघले विभिन्न अन्तर्राष्ट्रिय पारा तेक्वान्दो प्रतियोगितामा पदक जित्न सफल खेलाडीलाई बुधबार सम्मान गरेको छ । ताइवानमा अप्रिलमा भएको प्रथम एसियाली पारा तेक्वान्दोका कांस्य विजेता अरूण शाक्य तथा रूसमा सेप्टेम्बरमा भएको अन्तर्राष्ट्रिय ह्विलचेयर एन्ड एम्पुटिज गेम्स (आइवास) का कांस्य विजेता सीता भण्डारी र रञ्जना धामीलाई नगदसहित सम्मान गरेको हो ।

पदक विजेता खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव केशवकुमार विष्टले सम्मानित गरे । यसैबीच, सदस्यसचिव विष्टले तेक्वान्दोको विगतको साख जोगाउन दुई तेक्वान्दो एक हुनुपर्नेमा जोड दिए ।

# /Elg va/

## चकलेट नचलेपछि पूजनाले बन्द गरिन फेसबुक

अभिनेत्री तथा निर्मात्री पूजना प्रधानले अबउप्रान्त फेसबुक नचलाउने निर्णय गरेकी छिन् । उनलाई फेसबुकबाट विरक्त लाग्नुको खास कारण रहेछ–आफूले निर्माण गरेको 'चकलेट' फिल्म नचल्नु ।

गत शुक्रबारदेखि प्रदर्शनमा आएको चकलेट हेर्न




हलमा दर्शक नआएकोमा उनी निराश मात्र छैनन्, आक्रोशमा पनि आएकी छिन् । उनले सोमबार दिउँसो स्टाटस लेखिन्– तपाईंहरूले हेरिदिनुभएन, त्यसैले चकलेट फिल्म चलेन । नेपालीलाई राम्रो कथा, राम्रो फिल्मभन्दा हावाको कथा भएको फिल्म नै मन पर्दो रहेछ । मैले राम्रो मनले राम्रो कामका लागि फिल्म बनाएं, तर तपाईंहरुको साथ पाइनँ । धन्यवाद क्ष यो नै मेरो फेसबुकमा अन्तिम स्टाटस हो, आजबाट म फेसबुक पनि चलाउँदिनँ ।

फिल्म नचल्नु र अबउप्रान्त फेसबुक नचलाउने निर्णय गर्नुबीच के सम्बन्ध हुन सक्छ ? फिल्मकर्मी, दर्शक मात्र होइन, सञ्चारकर्मीहरु पनि अलमलमा परेका छन् । हुन सक्छ, फिल्म नचलेकोमा फेसबुकको माध्यमबाट उनलाई कसैले 'इरिटेड' गरिरहेको पो छ कि क्ष मुख्य कुरा, एउटा माघले जाडो जाँदैन । पूजनाजस्ती 'आध्यात्मिक' निर्मात्रीलाई बुझाइरहनुपर्ने हो । फेसबुक नचलाए पनि फिल्म बनाउन भने नछोड्नू पूजनाले । उनको स्टाटसमा कमेन्ट गर्नेहरूले अनुरोध गरेका छन् ।

## कता छिन् नीता ?



एकताका अभिनेत्री नीता ढुंगाना निकै व्यस्त थिइन् । फिल्मका अफर टन्नै थिए, साथमा म्युजिक भिडियो पनि । तर, अचेल उनी घरव्यवहारमै व्यस्त भएकी छिन् । अभिनेता आमेश भण्डारीसँगको प्रेमलाई 'कोर्ट म्यारिज'मा बदलेपछि उनी फिल्ममा त्यति साह्रो देखिएकी छैनन् ।

हुन त उनी अभिनीत पछिल्लो समय प्रदर्शन भएका दुई फिल्म– 'चाँडै आऊ है' र 'धून' नराम्रोसँग चिप्लिए । सायद, असफलताको तोडले गर्दा पनि हुन सक्छ उनी चुपचाप बसेको । फाट्टफुट्ट म्युजिक भिडियोमा अभिनय गरिरहेकी भए पनि उनले नयाँ फिल्म 'साइन' गरेको खबर भने सुन्न पाइएको छैन । उनी अभिनीत महत्वाकांक्षी फिल्म 'फूलैफूलको मौसम तिमीलाई' फागुन २१ मा रिलिज हुने कुरा छ । तर, सोही मितिमा भुवन केसीको 'ड्रिम्स' पनि आउने चर्चा चलेको छ । फुलैफूलको मौसम तिमीलाई आफूलाई करिअरको नयाँ मोडमा पुर्‍याउने आसमा बसेकी नीता त्यसपछि सक्रिय होलिन् ? कुर्नुको विकल्प छैन ।

## पुस १० मा धौली

नेपाली चलचित्र 'धौली' पुस १० गतेबाट प्रदर्शन हुने भएको छ । १० गते उपत्यकाबाहिर प्रदर्शन सुरु हुने धौली पुस १७ गतेदेखि काठमाडौंका हलहरूमा लाग्ने तयारी निर्माण पक्षले गरेको छ । पोखराको 'स्पाइनी ब्याब्लर क्रिएसन'ले निर्माण गरेको धौली सामाजिक कथानक चलचित्र हो । शारीरिक रूपमा ठूली र मस्त बैंस भरिएकी दलित महिला (धौली)को जीवनका सामाजिक र पारिवारिक पाटोमा आधारित फिल्मलाई धौली नै नाम दिएर निर्माण गरिएको निर्देशक घनश्याम लामिछानेले बताए ।

फिल्ममा लोपोन्मुख कटवाल प्रथा, झाँक्री प्रथा, झारा बोलाउनेजस्ता गाउँघरका क्रियाकलाप समेटिएको छ । फिल्मको प्रवर्द्धनका लागि अहिले दुईवटा प्रोमो, एक गीत सार्वजनिक गरिएको लामिछानेले बताए । कलाकार गीता अधिकारीले फिल्ममा धौलीको मुख्य



भूमिका निर्वाह गरेकी छिन् । अधिकारीबाहेक विष्णु गौतम, प्रकाश घिमिरे, विद्या कार्की, शम्भु थापा, अनु शाह, गजित विष्ट र बाल कलाकार गोपाल भट्टराईलगायतले अभिनय गरेका छन् ।

## शान्तिका लागि कविता

लायन्स क्लब अफ काठमाडौं रेन्बो सिटीको आयोजनामा शान्ति काव्य गोष्ठीअन्तर्गत शनिबार कविता वाचन कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा मञ्जु काँचुली, विश्वविमोहन श्रेष्ठ, देवी नेपाल, मणिराज सिंह, जितेन्द्र रसिक, अतृप्त पाण्डेय, पवल आलोक, गुप्तबहादुर श्रेष्ठ, दुर्गा पौडेल, तर्कना शर्मालगायत डेढ दर्जन कविले कविता वाचन गरेका थिए ।

नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. विष्णुविभु घिमिरेले लायन्स क्लबजस्ता सामाजिक संस्थाले साहित्यलाई माया गरेर शान्तिसम्बन्धी कविता सुन्ने–सुनाउने कार्यक्रम गरेकोमा खुसी व्यक्त गरे । क्लबका सभापति इन्द्रकुमार श्रेष्ठले भविष्यमा पनि साहित्यप्रति क्लबले यस्ता कार्यक्रम गर्दै जाने प्रतिबद्धता व्यक्त गरे ।

## साहित्यकार झमकलाई सरकारले दियो सुविधा

सरकारले साहित्यकार झमककुमारी घिमिरेलाई स्थायी आवासका लागि जग्गा दिने निर्णय गरेको छ ।

साहित्यकार घिमिरेलाई सरकारले गोठाटारस्थित पशुपति क्षेत्र विकास कोषको जग्गा दिने निर्णय गरेको हो । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पहलमा कोषको मंगलबार बसेको बैठकले साहित्यकार घिमिरेलाई ६ आना जग्गा दिने निर्णय गरेको हो । मन्त्रालयको निर्णयकपी प्रधानमन्त्री केपी शर्मा ओलीले साहित्यकार घिमिरेलाई बालुवाटारस्थित निवासमा मंगलबारै हस्तान्तरण गरिसकेका छन् ।

सरकारले दिएको जग्गामा झमकका लागि भवन तथा सहरी विकास मन्त्रालयले घरसमेत बनाइदिने भएको छ । मन्त्रालयका सचिव अर्जुन कार्कीले प्राप्त जग्गामा भवन निर्माण गर्न तुरुन्तै आवश्यक कारबाही अघि बढाउने बताए । उनले भने, 'प्राप्त जग्गामा घर बनाउन आवश्यक कारबाही अघि बढ्छ । घर अपांगमैत्री बन्नेछ ।' यो घर बनाउन पनि प्रधानमन्त्री ओलीले निर्देशन दिइसकेका छन् ।

# skf/6

## ग्लोबल आइएमईका तीन शाखारहित बैंकिङ सेवा

ग्लोबल आइएमई बैंकले सक्षम एक्सेस टु फाइनान्स कार्यक्रमसँगको सहकार्यमा सुदूरपश्चिममा थप तीन शाखारहित बैंकिङ सेवा सुरू गरेको छ । बैंकिङ सेवाको पहुँचबाट टाढा रहेका बैतडीको देउलेक गाविस खोचलेक, डडेल्धुराको आलिताल गाविस र मस्टमाडौं गाविस सकायलमा आधारभूत बैंकिङ सेवा पुर्‍याउने उद्देश्यले शाखारहित बैंकिङ सेवा सञ्चालन गरिएको बैंकले जनाएको छ ।

बैंकले देउलेकमा सुरु गरेको सेवा सञ्चालनका लागि हरीश कार्की, आलितालमा तेजराज भट्ट मस्टमाडौंमा सुरेश शाहीलाई व्यावसायिक प्रतिनिधि नियुक्त गरिएको बताएको छ ।

सुदूरपश्चिम क्षेत्रका बासिन्दालाई वित्तीय सेवा पुर्‍याउने उद्देश्यले ग्लोबल आइएमई बैंकले सक्षम कार्यक्रमसँगको सहकार्यमा यसअघि बैतडी र डडेल्धुरामा २ एक्स्टेन्सन काउन्टर र तीन शाखारहित बैंकिङ सेवा सञ्चालन गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंकको शाखारहित बैंकिङ सेवामा पैसा जम्मा गर्ने, भुक्तानी गर्ने, मोबाइल रिर्चाज गर्ने तथा आफ्नो खाताबाट अरूको खातामा पैसा ट्रान्सफर गर्नेलगायत सुविधा छन् । बैंकले ८८ शाखा, ४ एक्स्टेन्सन काउन्टर, ९३ एटिएम, ४० शाखारहित बैंकिङ सेवामार्फत ग्राहकलाई सेवा प्रदान गर्दै आएको जनाएको छ ।

## सिटिजन्स् बैंक-नेपाल क्लियरिङ हाउस सम्झौता

सिटिजन्स् बैंक इन्टरनेसनल र नेपाल क्लियरिङ हाउसबीच अन्तरबैंक विद्युतीय भुक्तानी प्रणाली सेवासम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । सम्झौतापछि नेपाल क्लियरिङ हाउसले बैंकलाई अन्तरबैंक विद्युतीय भुक्तानी प्रणाली सेवा सञ्चालनका लागि अन्तरबैंक विद्युतीय भुक्तानी प्रणाली उपलब्ध गराउनेछ ।

सम्झौताबमोजिम ग्राहकले बैंकमार्फत नेपाल क्लियरिङ हाउससँग आबद्ध रहे सदस्य बैंक तथा वित्तीय संस्थाका कुनै पनि खातामा सीधै कारोबार गर्न सक्नेछन् भने भुक्तानी दिने र लिनेजस्ता अन्तरबैंक भुक्तानी कारोबार गर्न सक्नेछन् । विद्युतीय भुक्तानी प्रणालीमार्फत डिभिडेन्ड तथा आइपिओ भुक्तानी पनि सीधै सदस्य बैंक तथा वित्तीय संस्थाको ग्राहकको खातामा जम्मा गर्न सकिने व्यवस्था छ । सम्झौतामा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल तथा नेपाल क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका थिए ।

## नबिल बैंकको सहयोग

नबिल बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत गार्गी कन्या गुरूकुल प्रतिष्ठानलाई बालिकाको शिक्षा प्रयोजनका लागि १ लाख २० हजार रूपैयाँ प्रदान गरेको छ । बैंकले यसपटक तेस्रोचोटि सहयोग गरेको हो । बैंकका प्रमुख कार्यकारी अधिकृत शशिन जोशीले सहयोग रकमबराबरको चेक प्रतिष्ठानकी उपाध्यक्ष श्रीमती प्रा. मन काफ्ले, सचिव श्रीमती प्रा.डा. कमला सुवेदी तथा कोषाध्यक्ष प्रा. निर्मला पोखरेललाई हस्तान्तरण गरेका थिए । प्रतिष्ठानले समाजका विभिन्न समुदाय, दलित, थारु, शेर्पा, नेवार, मगर, क्षेत्री, ब्राह्मण, गुरूङ, तामाङ, राई, मधेसीलगायत बालिकाको शैक्षिक विकासमा सहयोग पुर्‍याउँदै आएको छ ।

## टुरिजम् बैंकको लाभांश पारित

टुरिजम् डेभलपमेन्ट बैंक सञ्चालक समितिको १४३औं बैठकले आव ०७१/७२ सम्मको सञ्चित मुनाफाबाट चुक्ता पुँजीको १६ प्रतिशतले हुने रकम १० करोड ८५ लाख ४४ हजारबराबरको बोनस सेयर तथा ०.८४१२ प्रतिशतले हुने रकम ५७ लाख १२ हजार ८ सय ४२ रूपैयाँबराबरको नगद लाभांश सेयरधनीलाई वितरण गर्ने प्रस्ताव पारित गरेको छ ।

राष्ट्र बैंक तथा साधारणसभाबाट स्वीकृति भएपछि लाभांश वितरण कार्यान्वयन हुने बैंकले जनाएको छ ।

## एनआइसी एसियाको सहयोग

एनआइसी एसिया बैंकअन्तर्गतको एनआइसी एसिया फाउन्डेसनले उर्लाबारी, मोरङमा रहेको नमुना बालगृहका अनाथ बालबालिकालाई खाद्यपदार्थ सहयोग गरेको छ । कम्पनीले बालगृहलाई २ लाख ४ हजार रूपैयाँबराबरको सहयोग प्रदान गरेको हो । स्वास्थ्य र शिक्षाको क्षेत्रमा केन्द्रित रही अनाथ तथा अशक्त बालबालिकाका लागि छात्रवृत्ति, निःशुल्क स्वास्थ्य परीक्षण, रक्तदान, वृद्धाश्रम र अनाथ आश्रमका साथै आपत्कालीन स्वस्थ्य सेवा मुलुकभरका विभिन्न स्थानमा सञ्चालन गरिँदै आएको फाउन्डेसनले जनाएको छ ।

## बेलौरीमा बिओकेको शाखा

बैंक अफ काठमाण्डू (बिओके)ले ग्रामीण क्षेत्रमा वित्तीय पहुँच पुर्‍याउने उद्देश्यले कञ्चनपुरको बेलौरीमा शाखा विस्तार गरी कारोबार सुरु गरेको छ । शाखा उद्घाटन राष्ट्र बैंकका डेपुटी गभर्नर महाप्रसाद अधिकारीले गरेका थिए । बेलौरीसहित बैंकका शाखा सञ्जाल ५१ पुगेका छन् । बेलौरी शाखामा सक्षम एसेस टु फाइनान्स कार्यक्रमको समेत सहभागिता रहेको बैंकले जनाएको छ ।

कार्यक्रममा बैंक सिइओ अजय श्रेष्ठले न्यून आय भएका जनतालाई सहज बैंकिङ सेवा उपलब्ध गराउन सक्षमसँगको साझेदारीमा शाखा विस्तार गरिएको बताए । सक्षमका टिम लिडर बलजित बोहराले बेलौरी शाखा स्थापनासँगै सक्षम साना किसान उखु कर्जा कार्यक्रममार्फत साना व्यवसायी तथा यस क्षेत्रका जनतामाझ वित्तीय सुविधा पहुँच विस्तार भएको जानकारी दिए ।

## पूर्वलडाकुले...

पूर्वसभासद हुन् खिमलाल देवकोटा । उनले राष्ट्रसंघको दर्ता कितावमा पूर्वलडाकुलाई पिएलए भनेर दर्ता गरेको र भेरिफिकेसनमा मात्र उमेर नपुगेको भनेर अयोग्य ठहराइएको हो । ती अयोग्यहरू अन्यायमा परेका छन् । तिनको मानवाधिकार र सेवासुविधाका बारेमा राज्य, राष्ट्रसंघ र मुलुकका ठूला राजनीतिक दलहरूले गम्भीर भएर सोच्न उनको आग्रह रहेको छ । अधिकारकर्मी सुवोध प्याकुरेलले पनि दिने भनेर घोषणा गरिसकेको ८० करोड निकासा गरिहाल्नु उचित भनेका छन् । पूर्वजनमुक्ति सैनिकहरू राज्य र सचेत बर्ग, बुद्धिजीवी मौन रहेर अन्याय भइरहेको गुनासो गरेका छन् । भर्खर अख्तियारले भ्रष्टाचारी भनेर छानबिनको घेरामा राखेका स्वघोषित नेता तथा अधिकारकर्मी कनकमणि दीक्षितले युद्ध लडेका लडाकुले पीडित भइयो भन्ने स्थिति दुर्भाग्यजनक हो भनेका छन् ।

उमेर नपुगी जनमुक्ति सेना बनेका र उमेर पुगेपछि तिनले पाउनुपर्ने भरणपोषण पाउनै पर्ने आवाज घनिभूत भएको छ ।

## जागिर जान्छ...

अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमान सिंह कार्कीले अर्को धक्का दिए : पद जान्छ भने जाओस्, भ्रष्टाचारविरूद्धको अनुसन्धान र कारवाही रोकिदैन ।

२९ जना पूर्वमन्त्री, वर्तमान सभासदहरूको बैंक खाता, लकर रोक्का गर्दै तिनलाई पत्र काटेर हाजिर हुन फर्मान जारी गरेको अख्तियारको रवैया देख्दा लाग्छ, अव लहर तानियो, पहरो गर्जन्छ ।

सानामाछा समातिरहेको अख्तियारले अव ठूलो माछा समात्छ भनेको वर्षदिनपछि अख्तियारले २९ जनालाई पूर्जी काटेर राजनीतिक र खासगरी सत्ताधारीको मनमा ढ्यांग्रो ठोकिदिएको थियो । त्यसैले प्रधानमन्त्री केपी ओलीले भ्रष्टाचारविरूद्धको कारवाही गर्ने निकाय र अधिकारीको मन पनि सफा हुनुपर्छ भनेर अख्तियारसँग असन्तुष्टि जनाएका थिए । माधव नेपाल पक्षका राजेन्द्र पाण्डे, बंशीधर मिश्र, सुरेन्द्र पाण्डे, इच्छाबहादुर तामाङलगायतका ६ जना कारवाहीमा परेपछि अख्तियारले रिस साधेको र पूर्वाग्रह राखेको भनेर शंका व्यक्त गर्ने गरेका छन् ।

यता एमाओवादीका नेता कृष्णबहादुर महरासमेत मुछिएपछि प्रचण्ड आक्रोसित बनेका छन् । एमाले र एमाओवादीका नेताहरू सर्प पालिएछ, टोक्छ भन्ने थाहा थियो, टोक्यो भनेर लोकमान सिंह कार्कीसँग रिसाउनु रिसाएका देखिदैछन् ।

अख्तियार प्रमुख लोकमान सिंह कार्कीले दुबैथरि नेता तथा पूर्व सचिवहरू जो २९ जनाको सूचीमा परेका छन्, तिनलाई आश्वासन दिदै भनेका छन्, पत्र काटिनु अपराधी हुनु होइन । यसरी विधि र प्रक्रिया पुऱ्याएर थालिएको अनुसन्धानको बिरोध गरिहाल्नु उचित थिएन । तथापि उनले अव अख्तियार भ्रष्टाचारविरूद्धको कारवाहीमा अघि सऱ्यो सऱ्यो भनेका छन् । बन्द, आन्दोलन, नाकावन्दीका कारणले अख्तियार सुस्त देखिएको पनि उनले स्वीकार गरेका छन् । तर, सुशासनका लागि भ्रष्टाचारविरूद्धको कारवाही जरूरी थियो, त्यो सुरू भएको छ, उनले भनेका छन् ।

अख्तियार प्रमुखले संकेत गरेअनुसार भूकम्प पीडितका नाममा र बैदेशिक रोजगारीका नाममा भएको भ्रष्टाचार गम्भीर प्रकृतिको हो । यसमा अख्तियारको विशेष निगरानीपूर्ण अनुसन्धान भइरहेको छ । सार्वजनिक पद धारण गरेका व्यक्तिले सम्पत्ति विवरण नबुझाउनुले पनि केही अनुसन्धानको दायरामा परेका हुन् ।

## ओलीले...

प्रधानमन्त्रीले पहाडी इलाकामा काम गरिरहेका आइएनजीओहरूलाई इन्धन दिन्छन्, त्यो आश्चर्यको विषय बनेको छ ।

४ लिटर पेट्रोलका लागि ब्लुक नविकरण हेर्ने काम गरिरहेको र प्रहरी, कर्मचारी खटाएर राज्यको शक्ति क्षय गरिरहेको केपी सरकारले राजदूतहरूलाई इन्धन दिन्छु भनेर फुर्ति लगाउनु बेकारको कुरा हो भन्छन् विश्लेषकहरू । साउदी अरेवियासँग २ करोड लिटर इन्धन र चीनसँग थप इन्धन सहयोग मागिरहेको मगन्ते सरकारले विकल्प सोचेकै छैन, राजनीतिक समस्याको समाधान निकाल्नै नसकिरहेको स्थितिमा दुतावासहरूलाई इन्धन दिन्छु भनेर मंसिर २३ गते जग हँसाए ।

आश्वासन पाएर राजदूतहरू त फर्किए, तर तिनलाई पनि प्रधानमन्त्रीले इन्धन उपलब्ध गराउँछन् भन्ने विश्वासचाहिं छैन ।

## अख्तियारप्रति...

व्यक्तिले एउटा संवैधानिक अयोगले गरेको काम प्रति दोष लगाउनु कहाँको न्याय हो । अहिले नेकपा एमालेभित्र त्यसमा पनि नेपाल गुटभित्र रूवाबासी नै चलेको छ । अख्तियारले पत्र काटेका एमालेका नेताहरू सबै नेपाल गुटका रहेका छन् । त्यसले नेता नेपालले आपत्ति जनाएको एक सुत्रले दाबी गरेको छ ।

संवैधानिक निकायले आफ्नो अधिकार क्षेत्रभित्र रहेर गरेको काम कारबाहीलाई सबैले सम्मान गर्नुपर्ने बेलामा पूर्वप्रधानमन्त्रीले त्यसको विरोध गर्नुले के प्रमाणित हुन्छ । कतै आफ्ना पक्षका मानिसलाई बचाउने खेलमा नेपाल अगाडि सरेका त होइनन् भन्ने प्रश्न समेत जन्मिएको छ । लामो समयदेखि चुपचाप लागेको अयोगले बल्ल राम्रो कामको सुरूवात गरेको छ । भ्रष्टाचार गर्ने जोसुकै भएपनि छोड्नु हुँदैन । नेता भन्दैमा उनीहरूलाई भ्रष्टाचार गर्ने छुट हुँदैन । कुनै पूर्वाग्रह नराखी कारबाही अगाडी बढाउन सक्नु पर्छ । लामो छानविन र तहकीकात गरेर निर्दोष देखिएमा उनीहरूलाई सफाई दिनुपर्छ । आस्था र विचारका आधरमा कसैलाई पनि कारबाहीको दायरामा ल्याइनु उचित हुँदैन । अख्यियारमा हाल सबै पक्षका आयुक्तहरू रहेका हुनाले उनीहरू कसैको दबाबमा आउन सक्ने सम्भावना न्यून देखिएको हुनाले अब आयोगले खुट्टा नकमाई भ्रष्टाचारमा संलग्न भएका जसोसुकै र जुनसुकै पार्टीमा संलग्न भएका व्यक्तिहरू भएपनि उनीहरूलाई कानुनी दायरामा ल्याउन सकेमात्र एउटा संवैधानिक अयोगको सर्थकता रहनसक्छ । यदि त्यसो नगरी साना माछा खरिदार, सुब्बालाई मात्र भ्रष्टाचरको आरोपमा कारबाही गर्ने र ठूला माछालाई कारबाही गर्न नसक्ने हो भने अख्तियार दुरूपयोग अनुसन्धान अयोगको औचित्य नै के रहन्छ र ? त्यसैले अख्तियारले पहुँचको आधारमा होइन, दोषको अधारमा आफ्नो काम कारबाही अगाडि बढाउनु पर्छ ।

## विश्वमा...

उद्योगमा आधुनिकीकरण गर्न पूर्वाधार विकास गर्नुपर्छ भन्दै प्राकृतिक स्रोतले भरिपूर्ण नेपाललाई अल्मल्याएर राख्नु हुन्न । संविधानसभा मार्फत संविधान जारी भएपश्चात जनताले केही पाएनन्, मधेसले केही पाएनन्, जात विशेषले केही पाएनन् भन्ने भ्रम फैलाइएको भन्दै प्रधानमन्त्री ओलीले दुःख व्यक्त गरेका छन् । संविधान लोकतान्त्रिक बनेको छ, तर कतिपय पक्षमा असन्तुष्टी र असमझदारी बनेको देखिएको बताएका छन् ।

सोही अवसरमा बोल्दै एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले भारतले चाँडै नाकाबन्दी हटाउने भन्दै भारतीय नेताहरूले आफूलाई फोन गरेर नाकाबन्दी चाँडै हटाउने जानकारी दिएको बताउँदै मधेस आन्दोलनका जायज मागहरू पुरा गर्ने उद्घोष गर्दै हिमाल, पहाड र तराई अलग गरी सिमांकन भने हेरफेर गर्न नसकिने प्रष्ट पारेका छन् ।। त्यसैक्रममा नेपाली कांग्रेसका महामन्त्री कृष्ण सिटौलाले संविधान गतिशिल दस्तावेज भएको हुनाले संशोधन हुँदैन भनेर कसैले अडान लिन नहुने बताउँदै केही दिन भित्रैमा समस्या समाधान हुने बताएका छन् । कार्यक्रमलाई सम्बोधन गर्दै उपप्रधान एवं स्थानीय विकासमन्त्री कमल थापाले सरकारको मंसीर ८ गतेको निर्णय अनुसार मंसिर २१ गतेदेखि पुस २१ गतेसम सबै जिल्ला, नगरपालिका र गाविसको आयोजनामा कार्यक्रम सञ्चालन हुने बताएका थिए । मन्त्री थापाका अनुसार नयाँ संविधानले हिमाल, पहाड र तराई मधेसमा बस्ने विविध भाषाभाषी, साँस्कृतिक, धार्मिक विविधतायुक्त, वर्ग, समुदायलाई प्रत्याभूत गरेका अधिकार, कर्तव्य, हकहित र उत्तरदायित्व लगायतका विषयलाई राजनीतिक दलका प्रतिनिधि र सर्वसाधारण सबैलाई सरकारका तर्फबाट संविधानका बारेमा सूसुचित गराउन उपयुक्त भएकाले एक महिने अभियान थालिएको प्रष्ट पारेका थिए ।

सो अभियानलाई सभामुख ओनसरी घर्तीले सम्बोधन गर्दै अहिलको कठीन घडीलाई पार लगाउन एकताको विकल्प नभएको भन्दै नयाँ संविधान कार्यान्वयनका लागि थुप्रै कानुनहरू बनाउनु पर्ने र केही संशोधन गर्नुपर्ने भएकाले सबै दलहरूलाई एक हुन आग्रह गरेकी थिइन । सो अवसरमा पूर्वसभामुख सुवास नेम्वाङले मधेसवादी दलहरूप्रति इंगित गर्दै केपी ओली प्रधानमन्त्री हुँदा मधेसी नेता विजय गच्छदार उपप्रधान तथा भौतिक योजना तथा निर्माणमन्त्री बन्नुभयो, सायद सुशील कोइराला प्रधानमन्त्री बन्नु भएको भए उपेन्द्र यादव उपप्रधानमन्त्री बन्नु हुन्थ्यो होला भन्दै व्यांग्य समेत गरेका थिए । फोरम लोकतान्त्रिकका उपाध्यक्ष नसिर सिद्धिकीले १६ बुँदे सहमति कार्यान्वयनमा ठूला दल चुकेका हुनाले मधेस आन्दोलन भएको भन्दै जतिसक्दो छिटो मधेस आन्दोलन समाप्त गर्न सरकार र ठूला दलहरूलाई आग्रह गरेका थिए । यसरी सत्ताधारी पार्टीहरूलाई र प्रमुख विपक्षी दलहरूलाई एकै ठाउँमा उभ्याएर सरकारले संविधानको प्रचार क्रमलाई अगाडि बढाएको छ ।

## अब काठमाडौंलाई...

गरेका थिए ।

गत हप्ताको अन्त्यतिर भएको उक्त कार्यक्रमको चर्चा–परिचर्चा अद्यापि जारी छ । त्यस्तैगरेर उता वीरगञ्जमा पनि सयौँको संख्यामा राजावादी र राष्ट्रवादीहरू भेला भएर कार्यक्रम आयोजना गर्न खोज्दा संयुक्त मधेसी मोर्चाको युवा दस्तालाई उक्त कार्यक्रम पाच्य भएन र त्यसमा व्यवधान उत्पन्न गर्न खोजियो । ...जेहोस्, बीऊ रोपियो । अब मलजल गरेर चाँडै नै हुर्काउनु पऱ्यो । मुलुकको अस्तित्व नै समाप्त हुने तरखरमा रहेका बेला 'राजा आऊ, देश बचाउ' भन्नु निश्चय पनि स्वागत योग्य कुरा हो । हिजो 'खाएका'हरू चुपचाप बसे भन्ने आरोप लागिरहेका बेला जे जस्तो होस्, यसरी सडकमा ओर्लनु राष्ट्र र जनताका लागि एकदमै सुखद् कुरा हो । अब यसलाई अन्य सहरी क्षेत्रतिर लानैपर्छ । त्योभन्दा पनि राजधानी काठमाडौंमा 'शक्ति प्रदर्शन' गरेर लाखौं जनतालाई 'राजा आऊ देश बचाउ' भन्दै सडकमा उतार्न सके, अन्तर्राष्ट्रिय क्षेत्रको पनि ध्यानाकर्षण हुन सक्थ्यो र 'चुपचाप' बसिरहेका पूर्वराजालाई पनि केही बल मिल्थ्यो ।

त्यसकारण अब युवाहरूलाई आकर्षित गर्दै राष्ट्र बचाउने महान आन्दोलनको थालनी गर्न अब ढिलाई गर्नु हुँदैन । समस्याका सम्पूर्ण 'विषय'हरूको छलफ र समाधान जसरी नयाँदिल्लीमा खोजिँदैछ, त्यो देखेपछि नेपाली जनताले पनि अब 'आँखा उघार्न' ढिलाई पक्कै पनि गर्दैनन् भन्ने बुझाई एकथरीको छ । राष्ट्र बचाउने यो महान आन्दोलनको तयारीका लागि सबै लागौं । ...राष्ट्र बचाउने भए ।

## निषेधको...

त्यसको कराण हो राप्रपा नेपाल सरकारमा सहभागी हुनु ।

कांग्रेस, एमाले र एमाओवादीले सिकाएको पाठ सिक्दै अहिले मधेसवादी दलहरूले निषेधको राजनीति गर्न थालेका छन् । मधेस केन्द्रित दलहरूले आफ्नो आस्था र विचारसँग सहमति नहुने राजनीतिक दल वा समूहहरूलाई राजनीति गर्न नै निषेध गर्न थालेका छन् । अहिले मुलुकको मधेस क्षेत्रमा आन्दोलन भइरहेको छ । मधेस आन्दोलनकै समर्थनमा अन्य दलहरूले समर्थन जनाउँदै कार्यक्रम गर्न खोजे पनि मधेसी मोर्चाका कार्यकर्ताहरूले कार्यक्रममा हस्तक्षेप गर्दै कार्यक्रमहरू विथोल्न थालेका छन् । मधेस आन्दोलन सुरू भएयता मधेसी मोर्चाका कार्यकर्ताहरूले अन्य दल वा संगठनका ३ वटा कार्यक्रममाथि हस्तक्षेप गर्दै कार्यक्रम नै बिथोलिदिएका छन् । कार्यक्रम मात्र विथोलिदिएर नपुगेर उनीहरूले अन्य दल वा संगठनका झण्डाहरू नै जलाउने कार्य समेत बीरगञ्ज लगायत अन्य ठाउंमा गरिरहेका छन् ।

हालै बीरगञ्जमा राजावादीहरूले मधेश आन्दोलनको समर्थन र राजसंस्थाको पुर्नस्थापनाको माग गर्दै निकालेका जुलुश र कोणसभा पनि मधेशी मोर्चाका कार्यकर्ताहरूले विथोलिदिएका छन् । यसरी मधेशी मोर्चाका कार्यकर्ताहरूले अन्य दल र संघ-संगठनको विरोध गर्न पाउने अधिकार खोस्दा समेत मधेशवादी दलका शीर्ष नेताहरू मौन रहे । आफ्ना कायकर्ताहरूलाई उक्साइरहनु भनेको मुलुककै लागि दुर्भाग्यको विषय हो । लोकतन्त्रमा सवैले आआफ्नो विचार राख्न पाउनु पर्दछ । आफ्नो अधिकारको प्रयाग गर्दा अर्काको अधिकार खोस्नु हुँदैन । तर, कांग्रेस, एमाले र एमाओवादीले पहिला त्यसैगरी अन्य दल र नेता तथा कार्यकर्ताहरू माथि आक्रमण गर्ने उनीहरूका कार्यक्रमहरू विथोलिदिने गरेका हुनाले त्यही सिको अहिले मधेशी मोर्चाका कार्यकर्ताहरूले गरेपछि मात्र उनीहरूको आँखा खुल्न थालेको छ । मंसिर १२ गते मधेश आन्दोलनलाई समर्थन गर्दै वीरगञ्जमा कांग्रेसले आयोजना गरेको कार्यक्रममा मधेसी दलका कार्यकर्ताहरूले हस्तक्षेप गर्दै कार्यक्रम नै विथालिदिएपछि मात्र कांग्रेसको आँखा खुलेको वीरगञ्ज बासीले बताएका छन् । मधेसवादी दलहरूका कार्यकर्ताहरूले जे जे बहाना बनाए, जे आरोप लगाउदै अन्य दल वा समूह संगठनहरूका कार्यक्रमहरू विथोलिदिने कार्य भएको छ, त्यो अलोकतान्त्रिक कार्य हो । कालान्तरमा त्यसले मधेश आन्दोलनलाई नै घाटा पुऱ्याउने मधेशका बुद्धिजिवीहरूले नै बताउन थालेका हुनाले मधेशवादी दलहरूले निषेधको राजनीति छोड्नै पर्दछ ।

# पार्टी महाधिवेशन गर्न एमाओवादीमा नेताहरू माग

काठमाडौं । एमाओवादीको केन्द्रीय समिति बैठकमा पार्टीको राष्ट्रिय महाधिवेशन गर्न नेताहरूले माग गरेका छन् । अध्यक्ष पुष्पकमल दाहालको राजनीतिक तथा वैचारिक प्रतिवेदनमाथि धारणा राख्दै नेताहरूले महाधिवेशन गर्न माग गरेका हुन् ।

पोलिट्ब्युरो सदस्य विश्वनाथ साह, केन्द्रीय सदस्य प्रकाशहरि पोखरेललगायतले महाधिवेशनमा जानुपर्ने सुझाब दिएका छन् । अध्यक्ष दाहालको प्रस्तावमा महाधिवेशनबारे कुनै प्रसंग उल्लेख छैन । २७ मंसिर ०७१ मा बैठक सुरू हुँदा अध्यक्ष प्रचण्डले प्रस्तुत गरेको २५ बुँदे प्रस्तावमा आगामी माघमा पार्टीको महाधिवेशन गर्ने प्रस्ताव थियो ।

केन्द्रीय सदस्य पोखरेलले 'अध्यक्षको प्रतिवेदनमा पोहोर सालको बैठकको निरन्तरता भनिएको छ, पोहोर साल माघमा महाधिवेशन गर्ने भनिएको थियो, तर अहिले महाधिवेशनको प्रस्ताव कता हरायो ?' भन्ने प्रश्न गरेका थिए । उनले हिजो बाबुराम भट्टराईलाई नेतृत्व दिन महाधिवेशन भनिएको थियो कि राष्ट्रिय अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको विश्लेषण र संश्लेषणका लागि भनिएको थियो ? भन्ने प्रश्न पनि गरेको एक केन्द्रीय सदस्यले जानकारी दिए ।

पोखरेलको भनाइ उद्धृत गर्दै ती केन्द्रीय सदस्यले भने, 'महाधिवेशन नयाँ विश्लेषण र संश्लेषणका लागि हो, अब महाधिवेशनमा जानुपर्छ ।' पोलिट्ब्युरो सदस्य साहले पनि महाधिवेशनमा जानुपर्ने बताएका थिए । एक केन्द्रीय सदस्यका अनुसार साहले २५ बुंदे प्रस्तावको प्रसंगसमेत उठाएका थिए । महाधिवेशनको कुरा उठाउने पोखरेल र साह दुवै उपाध्यक्ष नारायणकाजी श्रेष्ठ पक्षधर हुन् ।

बैठकमा धारणा राख्दै पोलिट्ब्युरो सदस्य तथा पार्टी प्रवक्ता दीनानाथ शर्माले नेतृत्वका लागि युवा पुस्ता तयार हुनुपर्ने धारणा राखे । 'मोहनविक्रमसँग विद्रोह गर्दा अध्यक्ष कमरेड प्रचण्डले ठूलो साहस गर्नुभएको थियो, उहाँको त्यो साहस अहिले सही सावित भएको छ,' शर्माले भने, 'अब अरू युवा नेतृत्वका लागि तयार हुनुपर्छ ।'

बैठकमा पोलिट्ब्युरो सदस्य कमला रोकाले भट्टराईको पार्टी परित्याग सर्वहारा वर्गमाथिको गद्दारी भएको धारणा राखेकी थिइन् । रोकाले कम्युनको अनुभव आफूहरूसँग भएको बताउँदै फेरि कम्युनमा जान सकिन्छ कि सकिन्न भन्ने प्रश्न गरेकी थिइन् । केन्द्रीय सदस्य श्रीप्रसाद जबेगुले नेतृत्वको केन्द्रीकरण योजना र नीतिमा हुनुपर्ने धारणा राखेका थिए ।






सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार